# प्रथम वार्षिक प्रतिवेदन
# २०६०/०६१


राष्ट्रिय सहकारी बैंक लि.

**NATIONAL COOPERATIVE BANK LTD.**

पो.ब.नं. ८९७५, इपीसी २७११

बानेश्वर काठमाडौं

फोन : ४४६१९०७, २११०१३७, फ्याक्स : ००९७७-१-४४६१९०७

Email : info@coopbank.com.np, coopbank@wlink.com.np

Website : www.coopbank.com.np

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## सल्लाहकार


श्री केशब बडाल


श्री दीपकप्रकाश बाँस्कोटा


डा. श्री हरिकृष्ण उपाध्याय


डा. श्री युवराज खतिवडा


श्री बिष्णुबहादुर के.सी.


प्रा.डा. विश्वम्भर प्याकुरेल

## अध्यक्ष


श्री राजेशहरि जोशी
(प्रतिनिधि - मकवानपुर ब. तथा ऋ.स.सं.लि. हेटौंडा)

## प्रबन्ध सञ्चालक


के.बी. उप्रेती
(प्रतिनिधि - जनता कोअपरेटिभ लि., काठमाडौं)

## सञ्चालकहरू


श्री गोविन्दबहादुर मल्ल
(प्रतिनिधि - बुलबुले ब. तथा ऋ.स.सं.लि., सुर्खेत)


श्री रमेशप्रसाद पोखरेल
(प्रतिनिधि - स्टार ब.ब. तथा ऋ.स.सं.लि., बिराटनगर)


श्री राममान श्रेष्ठ
(प्रतिनिधि - लसकुस ब. तथा ऋ.स.सं.लि., काठमाडौं)


श्री नमराज सापकोटा
(प्रतिनिधि - म्हैपी ब. तथा ऋ.स.सं.लि., काठमाडौं)


श्री भागवत श्रेष्ठ
(प्रतिनिधि - मिलन ब. स.सं.लि., काठमाडौं)


श्री विदुर चालिसे
(प्रतिनिधि - स्तुपा स्वास्थ्य सेवा स.सं.लि.,काठमाडौं)


श्री मार्कण्डेय उपाध्याय
(रजिष्ट्रार - सहकारी विभाग, काठमाडौं)


श्री डिल्लीराम तिवारी
(प्रतिनिधि - राष्ट्रिय सहकारी संघ लि., काठमाडौं)

## लेखा समिति संयोजक


श्री ओमप्रकाश शर्मा
(प्रतिनिधि - कृष्ण ब. तथा ऋ.स.सं.लि., बर्दिया)

## लेखा समिति सदस्य


श्री कुलचन्द्र अधिकारी
(प्रतिनिधि - जिल्ला सहकारी संघ लि., काभ्रे)


श्री गणेशप्रसाद बस्नेत
(प्रतिनिधि - जिल्ला सहकारी संघ लि., झापा)

## कानुनी सल्लाहकार


श्री माधव बाँस्कोटा

मिति :- २०६१/११/१५

श्री ........................................ सहकारी संघ/संस्था लि.

....................................................................

विषय :- वार्षिक साधारणसभामा भाग लिन आउनेबारे ।

यस बैंकको वार्षिक साधारणसभा, उल्लेखित विषयहरूउपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा त्यस संघ/संस्थाको तर्फबाट एकजना प्रतिनिधि मनोनयन गरी पठाइदिनुहुन सञ्चालक समितिको निर्णयानुसार अनुरोध गर्दछु ।

छलफलका विषयहरू :

१. सञ्चालक समितिको तर्फबाट बैंकका अध्यक्ष श्री राजेशहरि जोशीज्यूबाट प्रस्तुत प्रतिवेदन सम्बन्धमा,
२. सञ्चालक समितिको तर्फबाट बैंकका प्रबन्ध-सञ्चालक श्री के. बी. उप्रेतीज्यूबाट प्रस्तुत प्रगति प्रतिवेदन सम्बन्धमा,
३. राष्ट्रिय सहकारी बैंकको पूर्वसञ्चालन खर्चको लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ.व. २०६२/६३ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
५. लेखा समितिको प्रतिवेदन सम्बन्धमा,
६. आ.व. २०६१/६२ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धमा,
७. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सञ्चालक समिति र शेयर सदस्यहरूको तर्फबाट १/१ जना गरी दुईजना प्रतिनिधि तोक्ने सम्बन्धमा,
८. विविध ।

कार्यक्रम:

मिति :- २०६२ बैशाख १६ गते शुक्रबार ।
समय :- बिहान १०.०० बजे ।
स्थान :- केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र
नयाँबानेश्वर, काठमाडौं ।

साधारणसभासम्बन्धी अन्य आवश्यक जानकारीहरू:

१. साधारणसभामा भाग लिनआउने प्रतिनिधिले आ-आफ्नो संघ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्र र आफ्नो परिचय खुल्ने परिचय पत्र लिएर आउनुपर्नेछ ।
२. एक व्यक्ति एक संघ/संस्थाको मात्र प्रतिनिधि हुन पाइनेछ ।
३. साधारणसभामा भाग लिनआउने सदस्य संघ/संस्थाका प्रतिनिधिहरूको सुविधाका लागि बिहान ९.०० बजेदेखि नै हस्ताक्षर गर्न साधारणसभाको उपस्थित पुस्तिका खुल्ला राखिनेछ ।
४. काठमाडौं, ललितपुर र भक्तपुरबाट साधारणसभामा भाग लिनआउने सदस्य प्रतिनिधिहरूलाई रू. १००।- गाडीभाडा वापत उपलब्ध गराइनेछ ।
५. उपत्यका बाहिरबाट आउने सदस्य प्रतिनिधिहरूलाई सम्बन्धित जिल्लाको सदरमुकामबाट सरकारी भाडादरबमोजिम आउनेजाने बसभाडा उपलब्ध गराइनेछ ।
६. साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरूको खानेबस्ने व्यवस्था सम्बन्धित संघ/संस्थाले ब्यहोर्ने गरी प्रतिनिधि आफैंले गर्नुपर्नेछ ।

(के.बी. उप्रेती)
प्रबन्ध सञ्चालक

# यस भित्र

१. राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष श्री राजेशहरि जोशीद्वारा बैंक सञ्चालक समितिको तर्फबाट वार्षिक साधारणसभामा प्रस्तुत् प्रतिवेदन- १

२. राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रबन्ध सञ्चालक श्री के.बी. उप्रेतीद्वारा प्रस्तुत् बैंकको प्रगति प्रतिवेदन- ८

३. राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्रथम वार्षिक साधारणसभामा प्रस्तुत् लेखा समितिको प्रतिवेदन- १२

४. राष्ट्रिय सहकारी बैंकको पूर्व सञ्चालन खर्चको लेखापरीक्षण प्रतिवेदन- १४

५. राष्ट्रिय सहकारी बैंकको आर्थिक वर्ष २०६१/०६२ र २०६२/०६३ को अनुमानित वित्तीय कार्यक्रम तथा बजेटको सारांश- १७

६. राष्ट्रिय सहकारी बैंक लिमिटेड आर्थिक वर्ष २०६१/६२ र २०६२/६३ को अनुमानित वित्तीय कार्यक्रम तथा बजेट- १८

७. राष्ट्रिय योजना आयोगका सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा निर्मित राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि उपयुक्त कानूनी स्वरूप र संस्थागत व्यवस्थासम्बन्धी अध्ययन समिति २०६१ ले प्रतिवेदनमा उल्लेख गरेका सुझावहरूको सारांश- २२

८. तत्कालीन कृषि तथा सहकारीमन्त्री श्री होमनाथ दाहालको अध्यक्षतामा गठीत सहकारी क्षेत्र सुधार सुझाव उच्चस्तरीय समिति २०६१ ले प्रतिवेदनमा उल्लेख गरेका सुझावहरूको सारांश- २४

# राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष श्री राजेशहरि जोशीद्वारा बैंक सञ्चालक समितिको तर्फबाट वार्षिक साधारणसभामा प्रस्तुत् प्रतिवेदन

*आदरणीय प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरू,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडको यस साधारणसभामा सहभागी हुन अधिरज्यभरिबाट पाल्नुभएका सम्पूर्ण आदरणीय सबै प्रतिनिधि तथा पर्यवेक्षक महानुभावहरूलाई न्यानो अभिवादन गर्ने शुभअवसर पाएकोमा यो सम्मानित सभामा म अत्यन्तै हर्षित एवं गौरवान्वीत भएकोछु । बैंकको सञ्चालक समितिको अध्यक्षको हैसियतले आफू स्वयं र सञ्चालक समितिको तर्फबाट समेत उपस्थित सम्पूर्ण प्रतिनिधि तथा पर्यवेक्षक महानुभावहरूलाई यस गरिमामय समारोहमा हार्दिक स्वागत अभिवादन गर्दछु ।

## १. पृष्ठभूमि :

नेपालको सहकारी आन्दोलनको संस्थागत विकासको शुरूवात् वि.सं.२०१० सालमा सहकारी विभागको स्थापनासँगै प्रारम्भ भएको आदरणीय प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरूलाई अवगत नै छ । झण्डै चार दशकसम्मको त्यस समयावधिमा सहकारी क्षेत्रलाई राज्यद्वारा नियमित नियन्त्रण एवं प्रवर्द्धनका वापजुद पनि यस क्षेत्रले अपेक्षित सफलता खासै हासिल गर्न नसकेको तथ्य आज कसैबाट लुकेको छैन । वि.सं. २०४८ सालपश्चात् राष्ट्रले खुल्ला आर्थिक नीति अवलम्वन गरेपछि तुलनात्मक रूपमा उदार "सहकारी ऐन २०४८" लागू भएपश्चात् नेपालको सहकारी आन्दोलनको रूपमा नै आमूल परिवर्तन आयो । परिणामस्वरूप अधिराज्यभर विभिन्न उद्देश्यका विषयगत तथा बहुद्देश्यीय सहकारी संघ/संस्थाहरूको स्थापनामा द्रुतगतिले बृद्धि भई सङ्ख्यात्मक रूपमा यस क्षेत्रले ठूलो फड्को माऱ्यो । तर सहकारी क्षेत्रको अपेक्षित दीगो तथा गुणात्मक विकास चाँहि अझै सामना गर्नुपर्ने चुनौतिको रूपमा रहेको देखिन्छ । सहकारी आन्दोलनको यस्तो परिस्थितिमा सबै सहकारी संघ/संस्थाहरूलाई एकरूपता प्रदान गर्न, वित्तीय सन्तुलन ल्याउन, मुलुकभरि छरिएर रहेको पूँजी, सीप र साधनहरूलाई एकीकृत रूपमा परिचालन गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न, ती संघ/संस्थाहरूलाई थोक कर्जाको रूपमा वित्तीय साधन र अन्य सेवा तथा सुविधाहरू उपलब्ध गराई यस क्षेत्रको विकासमा सहयोग पुऱ्याउन, नीतिगत रूपमा श्री ५ को सरकारले राष्ट्रिय सहकारी बैंकको आवश्यकता महसुस गरी सहकारी ऐन २०४८ लाई पहिलो संशोधन २०५७ को दफा २६ मा "बैंक सम्बन्धी" आवश्यक उपदफा थप गरी आ.व. ०५७/५८ को वार्षिक बजेटमा यसलाई प्राथमिकता दिई रू.१ करोड रूपैयाँसमेत् छुट्याएर सरकार र सहकारी विज्ञहरूले यस कार्यको प्रारम्भ गराएको पनि आदरणीय सहकारीकर्मी, प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरूलाई म स्मरण गराउन चाहन्छु ।

## २. बैंक स्थापनाका लागि भएका प्रयासहरू :

राष्ट्रिय सहकारी बैकको स्थापना देशभरका सहकारी आन्दोलनमा आवद्ध कैयन् सहकारीकर्मीहरूको माग र दवावबाट भएको अनुभव आदरणीय महानुभावहरूलाई अवगत नै छ । यस बैंकको स्थापनाका लागि प्रारम्भमा राष्ट्रिय सहकारी संघका अध्यक्ष श्री दीपकप्रकाश बाँस्कोटाको संयोजकत्वमा अर्थ मन्त्रालय, कृषि मन्त्रालय, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, राष्ट्रिय सहकारी विकास बोर्ड र केन्द्रीय बचत तथा ऋण सहकारी संघका प्रतिनिधिहरू सदस्य रहेको "एक समिति" गठन गरिएको थियो । उक्त समितिले बैंक स्थापनाका लागि सहकारी संघ/संस्थाहरूलाई शेयर विक्री गरी करिव रू.१ करोड शेयर पूँजीको संकलन गर्नुकासाथै नेपाल अधिराज्यभरिका सदस्य सहकारी संघ/संस्थाहरूलाई २०५८ चैत्र ११ र १२ गते एक राष्ट्रिय भेला बोलाई बैंक स्थापनाका लागि आवश्यक कार्य गर्न एक

"तदर्थ सञ्चालक समिति" को चयन गरेको अनुभव पनि हामी सबैलाई छ ।

बैंक स्थापनाका लागि गठीत "तदर्थ समिति"ले बैंकको स्थापनाका लागि शेयर खरिद गरी बैंक सञ्चालनका लागि गरेको प्रयास स्वरूप "राष्ट्रिय सहकारी बैंक" नामको यस सहकारी बैंकलाई नेपाल राष्ट्र बैंकको सिफारिसमा २०६० आषाढ २५ गते "सहकारी ऐन २०४८" को दफा-२६ अनुसार विधिवत् रूपमा सहकारी विभागमा दर्ता गराई प्रमाणपत्र प्राप्त गरेको यहाँहरूलाई विदितै छ । तत्पश्चात् यस बैंकले आफ्नो विनियम र सहकारी ऐन २०४८ अनुसार, मिति २०६०/९/१९ र २० गते आदरणीय प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरूकै उपस्थितिमा प्रारम्भिक साधारणसभा सम्पन्न गरी नेपाल राष्ट्र बैंकले तोकेको योग्यता बमोजिम ५ वर्षका लागि सञ्चालक समिति र लेखासमितिको समेत निर्वाचन सम्पन्न गरिसकेको जानकारी समेत् श्रद्धेय सहकारी मित्रहरूमा अवगत भएको मैले विश्वास लिएको छु ।

## ३. कारोवारको सुरुवात् :

नेपाल अधिराज्यभर स्थापित् सहकारी संघ/संस्थाहरूलाई आवश्यक वित्तीय तथा अन्य प्रवर्द्धनात्मक सेवाहरू सरल, सुलभ र प्रभावकारी ढंगबाट प्रदान गरी ती संघ/संस्थाहरूको संस्थागत विकासमार्फत् सामुदायिक विकासका साथै समुदायका निर्धारित उद्देश्यहरू प्राप्त गर्न र आफ्ना सदस्य संघ/संस्थाहरूमा सहकारी सिद्धान्तअनुसार व्यवसायिक विकास, विस्तार, रोजगारीको सृजना, आय बृद्धि तथा आर्थिक समानता प्राप्तगर्ने जस्ता कार्यबाट सदस्यहरूको आर्थिक सामाजिक स्थितिमा सुधार ल्याउने उद्देश्यले स्थापित् यस बैंकको विधिवत् स्थापना भएको २० महिना बितिसकेको छ भने बैंकको विधिवत् उद्घाटन भई कारोवार शुरू गरेको पनि आठमहिना पुगिसकेको कुरा सम्पूर्ण प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरूलाई सम्झना गराउन चाहन्छु ।

तत्कालीन उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारी, तत्कालीन कृषि तथा सहकारीमन्त्री श्री होमनाथ दाहाल, राष्ट्रिय योजना आयोगका सदस्य तथा यस बैंकका सल्लाहकारद्वय माननीय डा. हरिकृष्ण उपाध्याय र माननीय डा. युवराज खतिवडा, पूर्वमन्त्री एवं यस बैंकका सल्लाहकार श्री केशव वडाल, राष्ट्रिय सहकारी संघका अध्यक्ष तथा यस बैंकका सल्लाहकार श्री दीपकप्रकाश बास्कोटा, पूर्वमहालेखापरीक्षक तथा यस बैंकका सल्लाहकार श्री विष्णुवहादुर के. सी., नेपाल राष्ट्र बैंकका तत्कालीन गभर्नर डा. तिलक रावललगायत् सयौं सहकारी संघ/संस्थाहरूबाट प्रतिनिधित्व गर्ने सहकारीकर्मीहरूको उपस्थितिमा राष्ट्रिय सहकारी बैंकले मिति २०६१ श्रावण १९ गतेबाट अफ्नो विधिवत् कारोवारको उद्घाटन गरेदेखि अनवरत् रूपमा आफ्ना सदस्य सहकारी संघ/संस्थाहरूको निक्षेप लिने र कर्जा लगानीलगायत् अन्य कार्यक्रम सञ्चालन गर्दै आएको छ । सम्पूर्ण सहकारी संघ/संस्थाहरूको उत्साह र अपेक्षाकाबीच सुरू गरिएको बैंकको कारोवारको पहिलो दिनमा नै झण्डै दुई करोड बराबरको निक्षेप यस बैंकले सङ्कलन गरेको थियो ।

सहकारी संघ/संस्थाहरूमार्फत् स्रोत परिचालन तथा अन्य वित्तीय कार्यक्रम र गतिबिधिको सञ्चालन गर्ने कार्य आज देशको आर्थिक सामाजिक अवस्थामा विकास र बृद्धिको एक अत्यन्त प्रभावकारी माध्यम भएको छ । विगत एक दशकदेखि नेपालमा वित्तीय क्षेत्रमा उल्लेखनीय विकास हुँदै गए पनि अर्थतन्त्रका सबै क्षेत्रमा प्रतिस्पर्धात्मक रूपले वित्तीय सेवाको समान विस्तार हुनसकेको छैन, जसले गर्दा सम्भाव्य उत्पादनशील क्षेत्रमा अपेक्षित लगानीमा बृद्धि हुननसकेको कारण आर्थिक उन्नतिमा समेत् योगदान पुऱ्याउन सकिरहेको छैन । अर्थतन्त्रको यस्तो विषम परिस्थितिमा सहकारी क्षेत्रको अपरिहार्यतालाई मध्यनजर गरी बैंकले आफ्नो कारोवार सकेसम्म छिटो प्रारम्भ गर्नुपर्ने अधिराज्यभरका सहकारीमित्रहरूले अपेक्षा राख्नुभएको थियो । सहकारी संघ/संस्थाहरूमार्फत् ग्रामीण तथा शहरी क्षेत्रमा छरिएर रहेको पूँजी, सीप तथा श्रमलाई एकीकृत गर्दै उत्पादनशील क्षेत्रमा लगानी गरी जनताको आय बृद्धि, रोजगारीको सिर्जना तथा आर्थिक सामाजिक स्थितिको सुधार गर्न सहकारी क्षेत्रको महत्वलाई श्री ५ को सरकारले समेत प्राथमिकता दिई आफ्नो सहभागितासमेत् जनाएको आरणीय सहकारीकर्मी मित्रहरूलाई ज्ञात नै छ । तमाम सहकारी संघ/संस्थाहरूको सद्विश्वास र हाम्रो प्रतिबद्धताको परिणामस्वरूप आज हाम्रो उद्देश्य हाम्रा सदस्यहरूलाई सकेसम्म सरल र गुणस्तरीय वित्तीय सेवा/सहयोग तथा अन्य प्रवर्द्धनात्मक कार्यमा संलग्न गराई बैंकको गुणस्तरीय सेवाको अनुभूति दिलाउने प्रयासमा नै केन्द्रीत छ ।

## ४. बैंकको वर्तमान वित्तीय अवस्था :

विगत केही बर्षदेखि लगातार‌रूपमा विग्रदै गएको देशको सुरक्षा स्थिति तथा अस्थिर राजनैतिक परिदृष्यका कारण नेपाली अर्थतन्त्र हाल आएर चुनौतिपूर्ण अवस्थाबाट गुज्रिरहेको

आदरणीय मित्रहरूलाई अवगत नै छ । देशको आर्थिक बृद्धिदर अपेक्षाकृत हुन सकेको छैन भने बृहद् अर्थतन्त्रका समग्र सूचाङ्कहरू निरासाजनक छन् । अर्थतन्त्रमा कूल गार्हस्थ लगानी बढन सकेको छैन जसका कारण बैंक तथा वित्तीय संस्थाहरूको लगानीको क्षेत्र साँघुरिदै गइरहेको छ । मुद्रास्फितिको दर उच्च रहेको छ भने व्याजदर क्रमशः घटिरहेको छ । बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अत्याधिक तरलताको चाप देखिएको छ भने उत्पादनको क्षेत्र (Real Sector) बाट प्राप्त व्याजकको अंश क्रमशः घटिरहेको छ । देशको आन्तरिक तथा बाह्य क्षेत्रको व्यापार अपेक्षाकृत रूपमा बढन सकेको छैन भने विकास निर्माणका लागि सरकारी लगानी समेत अपेक्षाकृत हुन सकेको छैन । यस्तो विषम आर्थिक, राजनैतिक तथा सामाजिक परिस्थितिमा बैंकले आफ्ना कार्यक्रमहरूलाई तिव्ररूपमा बढाउन असजिलो भइरहेको छ । तथापि राष्ट्रिय सहकारी बैंक सहकारी संघ/संस्थामार्फत समुदायमा आधारित स्थानीय स्रोत तथा साधन परिचालन गरी तिनै समुदायका सदस्यहरूको गरिवी निवारण तथा आय आर्जनका लागि कार्यरत वित्तीय निकाय भएकाले हामीले आफ्ना कार्यक्रमहरू तदारूकताका साथ अघि बढाउने छौं ।

राष्ट्रिय सहकारी बैंक न्यून तथा सीमित आय भएका गरीब समुदायद्वारा प्रवर्द्धित सहकारी संघ/संस्थाहरूको प्रयास र योगदानबाट स्थापना एवं सञ्चालन भएकोले र तीनै समुदाय तथा संघ/संस्थाहरूभित्र रहेको सीमित पूँजीगत स्रोतलाई परिचालन गर्नुपर्ने भएकोले हामीले सकेसम्म कम खर्च तर अधिकतम सेवाको सिद्धान्तलाई मूलमन्त्र ठानी कार्य गरिरहेका छौं । बैंक सञ्चालनका लागि सीमित कर्मचारी, सरल र छिटो सुविधा तथा उच्चतम प्रतिफलका लागि बैंक सदा प्रयासरत् छ । बैंकले आफ्नो कारोवार सञ्चालन गरेयता अधिराज्यभरका विभिन्न सदस्य संघ/संस्थाहरूलाई उनीहरूको व्यवसायिक प्रस्तावको अध्ययन गरी कर्जा लगानी गरिएको छ हालसम्मको बैंकको प्रगति विवरणअनुसार बैंकको वित्तीय कारोवार र स्थिति सन्तोषजनक देखिएको छ । प्रभावकारी सञ्चालन तथा अनावश्यक खर्चप्रतिको नियन्त्रणको कारणले बैंकको वित्तीय अवस्थालाई अपेक्षाकृत बनाइएको छ । गत पौष मसान्तसम्मको बैंकको कारोवारलाई हेर्दा हाल संचालन नाफाको स्थितिमा रहेको आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरूसामु प्रस्तुत गर्न पाउंदा हामीलाई खुशी लागेको छ । बैंकले तपाईहरूको सहयोग र सद्भाव मात्र पाए यसै आर्थिक वर्षको अन्त्यसम्ममा पूर्णरूपमा नाफामा सञ्चालन गरी अर्को आर्थिक वर्षदेखि लाभांश वितरण गर्ने हामीले योजना बनाएका छौं ।

## ५. बैंकको लगानी तथा निक्षेप नीति :

राष्ट्रिय सहकारी बैंकले सहकारी संघ/संस्थाहरूद्वारा संचालन गरिएका र गर्न सकिने अन्य सेवा क्षेत्रमा लगानी गर्ने नीति लिएको छ । वर्तमान अवस्थामा सहकारी संघ/ संस्थाहरूको ठूलो समस्या वाणिज्य बैंक र अन्य वित्तीय निकायहरूबाट आवश्यक बैकिङ्ग सेवा पाउननसक्ने अवस्था भएको र यसको निराकरणका लागि सहकारी क्षेत्रमा सो समस्या पूरा गर्न एक छुट्टै बैंकको आवश्यकताको पृष्ठभूमिमा यस बैंकको स्थापना भएकाले ती संघ/ संस्थाहरूलाई आवश्यक वित्तीय सेवा पुऱ्याउन बैंकले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरूमा रहेको बचतलाई समयानुकूल तथा प्रतिस्पर्धी व्याज प्रदान गरी सकेसम्म कम व्याजान्तरमा कारोवार गरिरहेको छ । बैंकको लगानी विशेष गरेर प्राथमिक तथा विपन्न क्षेत्रमा प्रवाह हुने र अल्पकालीन प्रकृतिको कर्जा लगानी गर्नेछ ।

बैंकले सहकारी संघ/सस्थाहरूमा कर्जा लगानी गर्दा उपयूक्त लगानी योजना तयार गरी कर्जा वितरण प्रणाली (Credit Delivery System) लाई कर्जानीति निर्देशिका (Credit Policy Guidelines) अनुसार बैंकिङ्ग रणनीति एवं कार्यबिधिको उत्तम रूपमा अनुसरण गरी तरलता, उत्पादनशील क्षेत्रमा कर्जा वितरण एवं असुलीको सुनिश्चिता, संघ/सस्थाहरूको कर्जा उपयोग गर्नसक्ने क्षमता, यसअघि तिनीहरूले गरेको कारोवारको स्थिति मूल्याङ्कन, सम्पत्ति संरचना(Asset Portfolio) आदि पक्षहरूलाई समायोजन गरी कर्जा वितरण व्यवस्थालाई सरल, पारदर्शी एवं जवाफदेही बनाएको छ ।

कर्जानीतिलाई अझै बढी व्यवस्थित र समयानुकूल बनाउन अधिराज्यभरिका प्रमुख सहकारी संघ/संस्थाहरूका प्रतिनिधिहरूसँग आवश्यक छलफल गरी सुझाव संकलन गरेर एक उच्चस्तरको ३ सदस्यीय विशेषज्ञहरूको अध्ययन दल निर्माण गरी त्यस अध्ययन दलको सुझावको आधारमा कर्जा नियमावली तयार पारिसकिएको छ । उक्त नीति लागू गरेपश्चात् पुनःकर्जा लगानी (Refinance)को सेवासम्बन्धमा थप अध्ययन भइरहेको छ । त्यसैगरी बैंकले निक्षेपका लागि हाल विभिन्न योजनाहरू जस्तै साधारण बचत, विशेष बचत, ऋमिक बचत, नियमित बचत तथा मुद्दती खाताहरू सञ्चालन गरेको छ ।

## ६. बैंकका चुनौति तथा समाधानका प्रयास :

राष्ट्रिय सहकारी बैंकको पारित् बिनियम तथा "सहकारी ऐन २०४८" मा यस बैकले तत्कालीन बणिज्य बैंक ऐन, २०३१ अनुसार गर्नसक्ने कार्यहरू गर्न पाउने भनिए पनि नेपाल राष्ट्र बैंकबाट सदस्य संघ/संस्थाहरूबीच मात्र निक्षेप तथा कर्जा वितरणको कार्य गर्न पाउने अनुमतिले गर्दा बैंकले पूर्णरूपमा बैंकिङ्ग कार्य गर्न पाइरहेको छैन । त्यस्तै अधिराज्यभरका ७ हजारभन्दा बढी सहकारी संघ/संस्थाहरूको बैंक भएर पनि यस बैंकको सदस्यता लिने सहकारी संघ/संस्थाहरू मात्र २०६१ पौष १८ सम्ममा सातसय उनानब्बे छन् । सहकारी बैंकको पहुँच हाललाई ऋण असुली न्यायाधिकरणमा नभएका कारण ऋण असुली प्रभावकारी रूपमा कार्यान्वयन हुनसकेको छैन ।

सहकारी बैंकको आफ्नो स्थापनाको लगत्तै यस बैंकले सहकारी क्षेत्रमा देखिएका यिनै समस्या तथा केही कानुनी समस्याको निकासका लागि सम्बन्धीत निकाय समक्ष सहकारी आन्दोलनका पक्षमा भरमग्दुर प्रयास गर्दै आएको आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरूलाई थाहा नै छ । बैंक स्थापना भएपश्चात् पनि यसको सञ्चालनका लागि केही कानूनी समस्याहरू यथावत् रहेको र तमाम सहकारी संघ/संस्थाहरू र विशेषगरी बचत तथा ऋण सकारी संघ/ संस्थाहरूको सवालमा श्री ५ को सरकारद्वारा जारी तत्कालिन "बैंक तथा वित्तिय संस्थासम्बन्धी अध्यादेश" मा स्पष्ट व्यवस्था नगरिएकोले बैंकको के कसरी कानूनी रूपमा व्यवस्था गर्न सकिन्छ भनी यस बैंकको पहलमा तत्कालीन उप-प्रधानमन्त्री तथा अर्थमन्त्री, नेपाल राष्ट्र बैंकका गभर्नर र अर्थ सचिबसमेत्को उपस्थितिमा राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा. युवराज खतिवडाज्यूको संयोजकत्वमा अर्थ मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, राष्ट्रिय सहकारी संघ, राष्ट्रिय सहकारी बैंक र सहकारी प्रतिनिधिहरू समेतको एक समिति गठन गरिएको थियो र सो समितिले आफ्नो केही महत्वपूर्ण सुझावहरू समेतको प्रतिवेदन तत्कालिन अर्थमन्त्री समक्ष पेश गरेको थियो । जसका केही सुझावहरू तत्कालिन सरकारले कार्यान्वयन समेत गरेको थियो ।

फलस्वरूप श्री ५ को सरकारबाट हालै जारी "बैंक तथा वित्तिय संस्थासम्बन्धी अध्यादेश" मा यस बैंकको कानूनी समस्याको समाधान गर्ने प्रयास भएको देखिएको छ । ग्रामीण क्षेत्रमा सञ्चालित सहकारी संघ /संस्थाहरूलाई लाग्दैआएको करलाई मुक्त गर्दै अन्य शहरी क्षेत्रका सहकारी संघ/संस्थाहरूको खुद बचतमा लाग्ने आयकरको दरलाई सोही सुझावको आधारमा परिमार्जित गरी ५० प्रतिशतले घटाइएको थियो । यसै प्रतिवेदनको सुझावमा श्री ५ को सरकारले नेपाल अधिराज्यभरका ३० वटा पूर्ण रूपले भौतिक पूर्वाधार विकास नभइसकेका नगरपालिकामा सञ्चालित एक करोडभन्दा कम रूपैयाँ बराबरको कारोबार भएका सहकारीलाई पूर्ण रूपमा आयकरबाट मुक्त गरेको थियो । सो समितिको प्रतिवेदनले बैंकको प्रभावकारी संचालनका लागि एक छुट्टै "राष्ट्रिय सहकारी बैक ऐन" को निर्माण गर्नुपर्ने र ऐन निर्माण नभइन्जेल बैंकको अनुगमन नेपाल राष्ट्र बैंकबाट हुनुपर्ने, बैंकले संस्थागत(गैहसहकारी संघ/संस्थाहरूको) निक्षेप स्वीकार गर्न पाउने कुरामा जोड दिएको थियो । त्यस्तै सो प्रतिवेदनले सहकारी संघ/संस्थाहरूलाई ऋण असूली न्यायधिकरणमा पहुंच प्रदान गर्न सिफारिस गरेको छ भने कम्पनीमा परिणत हुन चाहने सहकारी संघ/संस्थाहरूका लागि एक पटकलाई बाटो खुल्ला गर्नुपर्ने सुझावसमेत् दिएको छ । प्रतिवेदनले बचत तथा ऋण सहकारी संघ/संस्थाहरूमा हाल देखापरेका समस्याहरूको समाधानका लागि विभिन्न सुझावहरू सिफारिस गरेको थियो ।

## आदरणीय सहकारीकर्मी मित्रहरू,

सहकारी बैंकको माग तथा सहकारीका अन्य केन्द्रीय एवं राष्ट्रियस्तरका संघ/संस्थाहरूको दवावको फलस्वरूप सहकारी क्षेत्रलाई श्री ५ को सरकारले विकासको महत्वपूर्ण सहयोगीको रूपमा ग्रहण गर्दै यस क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि तत्कालीन कृषि तथा सहकारीमन्त्रीको संयोजकत्वमा एक "उच्चस्तरीय सहकारीक्षेत्र सुधार सुझाव समिति" गठन गरिएको थियो र सो समितिले सम्बन्धित निकायहरूबाट सहकारी क्षेत्रमा देखिएका समस्या तथा तिनीहरूको समाधानका लागि सुझाव संकलन गरी राष्ट्रिय सहकारी बैंक र सबै सहकारी संघ / संस्थाहरूका समस्यासम्बन्धी महत्वपूर्ण दस्तावेजहरू तयार गरी सुझावसहित् श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गरिसकेको छ । यस क्रममा राष्ट्रिय सहकारी बैंकले पटकपटक अन्तरकृया एवं छलफल कार्यक्रमको आयोजना गरी समितिलाई सहकारी क्षेत्रको हितमा सुझावहरू प्रस्तुत गरेको र समितिले ती सुझावहरूलाई आत्मसात् गरेको थियो । जसको कार्यान्वयन मात्र हुनसके राष्ट्रिय सहकारी बैंक तथा अन्य सबै सहकारी संघ/संस्थाहरूमा देखापरेका अधिकांश समस्या र नीतिगत तथा कानूनी व्यवधानहरू एवं

अन्य बाधा अड्चनहरू कम हुने अपेक्षा गर्न सकिन्छ । यसका अतिरिक्त सम्पूर्ण सहकारी संघ/संस्थाहरूले यस बैंकको सदस्यता लिएमा कारोबार तथा अन्य कतिपय समस्याहरू स्वतः घट्ने हामीले अपेक्षा लिएका छौं ।

## ७. बैंक तथा सहकारी संघ/संस्थाबीच सम्बन्ध :

बैंकले कारोबार शुरू गरेपछि वित्तीय कारोवारका लागि शेयर खरिद गर्ने, कर्जा माग गर्ने, निक्षेप गर्न आउने सहकारी संघ/संस्थाहरूमा क्रमशः बृद्धि भइरहेकोले बैंकलाई थप उत्साह र जांगर पलाएको छ । फलस्वरूप बैंकको शेयर खरीद गर्ने सहकारी संघ/संस्थाहरू यही २०६१ पौष १८ सम्ममा ७ सय ८९ पुगिसकेका छन् र यस साधारण सभापश्चात् शेयर खरिदको क्रम तीव्ररूपले बढ्ने हामीले विश्वास लिएका छौं । सहकारी बैंक वास्तवमै सहकारी संघ/संस्थाहरूको मात्र बैंक हो र यसको विस्तारका लागि यस अघिनै शेयर खरिद गरिसकेका सदस्य संघ/संस्थाहरूले अतिरिक्त शेयर खरिद गरिदिने र बाँकी संघ/संस्थाहरूले पनि अधिकतम शेयर खरिद गरी सदस्यता लिई कारोबारलाई निरन्तरता दिएमा बैंकले निकट भविश्यमा आफ्ना सदस्य सहकारी संघ/संस्थाहरूलाई अन्तराष्ट्रिय सहकारी मूल्य र मान्यतामा आधारित उच्चगुणस्तरका आकर्षक सेवा सुविधाहरू प्रदान गर्दैजाने विश्वासलाई हामी यस अवसरमा प्रतिवद्धता ब्यक्त गर्दछौं । बैंकको दीगो विकास पनि यही तथ्यमा आधारित रहेको हामीले महसुस गरेका छौं । बैंकले वर्तमान अवस्थामा आफ्ना कार्यहरूलाई सरल एवं चुस्त बनाई प्रत्येक आइतवारदेखि शुक्रवारसम्म हप्ताको छ दिन बैकिङ्ग कारोबार सञ्चालन गर्दै आएको छ । बैंकले विभिन्न किसिमका निक्षेपहरू : साधारण बचत, विशेष बचत, क्रमिक बचत, नियमित बचत तथा मुद्दती बचत खाताहरूमा प्रचलित बजारमा चलन चल्तीकोभन्दा आकर्षक ब्याजदर प्रदान गरी संघ/संस्थाहरूको बचतलाई आकर्षक प्रतिफल दिएको छ भने कमभन्दा कम ब्याजान्तरमा सदस्य संघ/संस्थाहरूलाई कर्जा उपलव्ध गराउँदै आइरहेको छ । कर्जा प्रकृया सकेसम्म सरल, पारदर्शी, उचित एवं समयानुकूल र छिटो बनाइएको छ ।

## ८. प्रवर्द्धनात्मक कार्यहरू

बैंकिङ्ग क्षेत्रको कामलाई व्यवस्थित गर्न बैंकले हाल निम्नअनुसारका प्रवर्द्धनात्मक कार्यहरू गरिरहेको जानकारी गराउन चाहन्छु ।

### ८.१ शिक्षा तथा तालिम :

राष्ट्रिय सहकारी बैंक वास्तवमा अधिराज्यभरिका सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास र तिनीहरूको वित्तीय आवश्यकतालाई सहयोग गर्न तथा समुदायवीचमा छरिएर रहेको पूँजी, सीप र साधनलाई एकीकृत रूपले परिचालन गरी उत्पादनशील व्यवसायिक क्षेत्रमा लगानी गर्न सहकारी संघ/संस्थाहरूलाई थोक कर्जाको रूपमा वित्तीय साधन तथा अन्यसेवा र सुविधाहरू उपलव्ध गराउने उद्देश्यले स्थापना भएको हुनाले बैंकले आफ्ना सदस्य संघ/संस्थाहरूको प्रवर्द्धनका लागि विभिन्न तालिम तथा सहकारी शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । सहकारी क्षेत्रका अन्य निकायहरू समेतको समन्वयमा बैंकले स्वदेशी तथा विदेशी विशेषज्ञहरूलाई आमन्त्रण गरी सहकारीका विभिन्न पक्षमा तालिमहरू सञ्चालन गरेको छ र ती कार्यक्रममा कतिपय हाम्रा सदस्य संघ/संस्थाहरूले सहभागिता जनाइसक्नुभएको छ । साथै यस्तो कार्यलाई भविष्यमासमेत् निरन्तरता दिइनेछ ।

### ८.२ अध्ययन भ्रमण :

सहकारी संघ/संस्थाहरूको व्यवसायिक प्रवर्द्धन आजको जोड्दार आवश्यकता हो । यही तथ्यलाई आत्मसात् गरी बैंकले सफल सहकारी व्यवसायको प्रभावकारी सञ्चालनका लागि देश विदेशका उत्तम नमूनाहरूको अध्ययन अवलोकन गर्न विभिन्न अध्ययन भ्रमणका लागि अग्रसरता देखाएको छ । राष्ट्रिय सहकारी बैंकको अग्रसरता र भारतीय राष्ट्रिय सहकारी संघ, अन्य भारतीय स्टेट सहकारी बैंकहरू र राष्ट्रिय सहकारी संघ नेपालको समन्वयमा यस बैंकका सञ्चालक तथा कर्मचारीहरूले भारतीय सहकारी बैंकिङ्ग अभ्यासको अध्ययन गरिसकेका छन् । त्यस्तै यस बैंकका सल्लाहकारसहित् अध्यक्ष र सञ्चालकहरू समेतको अर्को समूहले पनि भारतका प्रमुख राज्यका ठूला सहकारी बैंकिङ्ग अभ्यासको अध्ययन भ्रमण गरिसक्नुभएको छ ।

### ८.३ सूचना तथा सञ्चार :

बैंकको प्रवर्द्धनकै क्रममा अध्यक्षलगायत् प्रबन्ध सञ्चालक, सञ्चालक तथा सल्लाहकारज्यूहरूबाट विभिन्न सहकारी संघ/संस्थाहरूको आमन्त्रणमा अधिराज्यका विभिन्न स्थानमा गई बैंकको सदस्यता विस्तार गर्ने, कारोवारका लागि आव्हान गर्ने तथा बैंकको स्थापनाले

सहकारी आन्दोलनमा पुऱ्याउने सहयोग र विश्वासनियताका बारे सहकारीकर्मीहरूमाझ अन्तरकृयाहरू सम्पन्न गरी सहकारी बैंकिङ्गको क्षेत्रलाई विस्तार गरिँदैआएको कुरा प्रतिनिधि मित्रहरूलाई स्मरण गराउन चाहन्छु । राष्ट्रिय सहकारी बैंक अधिराज्यभरका सहकारी संघ/संस्थाहरूको एकमात्र छाता वित्तीय निकाय भएकोले आफ्ना सदस्यहरूवीच भए गरेका गतिविधि तथा अन्य सहकारी क्षेत्रसम्वन्धी गतिबिधिहरूको जानकारीका लागि सूचना तथा सञ्चारको महत्वलाई मनन् गरी बैंकले राष्ट्रिय सहकारी संघ, नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ, केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ, केन्द्रीय उपभोक्ता सहकारी संघसँग सहकार्य गरी एक पत्रिका प्रकाशन गर्ने प्रयास अघि बढाइएको छ । यसका अतिरिक्त बैंकले बुलेटिनहरू प्रकाशन गर्दै जानेछ ।

## ९. सञ्जाल विस्तार :

राष्ट्रिय सहकारी बैंक सबै सहकारी संघ/संस्थाहरूको वित्तीय एवं अन्य व्यवसायिक प्रवर्द्धनका लागि राट्रियस्तरको निकाय भएको कारणले बैंकको सेवा अधिराज्यका विभिन्न ठाँउमा पुऱ्याउनुपर्ने आवश्यकतालाई मध्यनजर राख्दै बैंकले सञ्जाल विस्तारका सम्बन्धमा विषेशज्ञहरूबाट एक अध्ययन गराई पहिलो चरणमा झापा, मोरङ्ग, मकवानपुर, ललितपुर, बुटवल, पोखरा, नेपालगञ्ज, सुर्खेत र धनगढीमा सहकारी संघ/संस्थाहरूमार्फत् प्रतिनिधिको परिचालनका आधारमा आफ्नो सेवाविस्तार गर्ने प्रक्रिया अगाडि बढेको छ । सहकारी संघ/संस्थाहरूको माग र सम्भाव्यताको आधारमा यस बैंकलाई आउँदा दिनहरूमा अधिराज्यका अन्य जिल्ला तथा स्थानहरूमा यस बैंकको सञ्जाल विस्तार गर्दै लैजाने हामीले लक्ष्य लिएका छौं । यसका लागि आदरणीय प्रतिनिधिज्यूहरूले आ-आफ्नो संघ/संस्थाहरूको तर्फबाट यस बैंकमा सदस्यता बढाई कारोवारको मागमार्फत् बैंकको संजाल आ-आफ्नो स्थानसम्म पुऱ्याउनका लागि सहयोग गरिदिन हुन हार्दिक अपील पनि गर्दछौं ।

## १०. भावी कार्यक्रम :

रष्ट्रिय सहकारी बैंक २०६० साल आषाढ २५ गते स्थापना भए पनि यसले आफ्नो व्यवसायिक कारोबारको सुरूवात २०६१ श्रावण १९ गतेबाट मात्र गरेको आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरूमा अवगतनै छ । बैंक स्थापनाको पहिलो वर्ष बैंकलाई सञ्चालनमा ल्याउनका लागि आवश्यक कानूनी प्रकृयाहरू पूरागर्न तत्कालीन तदर्थ समिति तथा २०६० पौष १९ गतेको प्रारम्भिक साधारणसभाबाट निर्वाचित सञ्चालक समिति तल्लीन भएका कारण गत श्रावण १९ गतेदेखि वित्तीय तथा व्यवसायिक कारोबार हुनसक्यो । चालु आर्थिक वर्षदेखि कारोवार सञ्चालन गरेको यस बैंकले स्थापनाको दोस्रो वर्षमा अधिराज्यका विभिन्न ९ स्थानमा आफ्ना सञ्जाल विस्तार गर्ने कार्यको शुरूवात गरिसकेको मैले अघि नै मित्रहरूलाई अवगत गराइसकेको छु । बैंकको क्रमिक रूपमा कारोवार विस्तार गर्नका लागि यसै वर्षदेखि संस्थागत ( गैहसहकारी संघ/संस्थाहरू) निक्षेप समेत संकलन गरी स्रोत परिचालनको आयतनमा बृद्धि गर्ने हामीले लक्ष राखेका छौं । त्यस्तैगरी तेस्रो वर्षमा विद्यमान कारोवारका अतिरिक्त नन् फण्ड वेज (Non-Fund Based) कारोवारअन्तर्गत सहकारी संघ/संस्थाहरूको बैंक ग्यारेण्टी लिने कारोवार समेतका लागि हामीले प्रयास गर्नेछौं । वित्तीय कारोवारमा सञ्जाल विस्तारअन्तर्गत यस बैंकका सदस्य सहकारी संघ/संस्थाहरूको नियमित निरीक्षण तथा सुपरीवेक्षण कार्यलाई तदारूकताका साथ अघि बढाइनेछ । बैंकले आगामी वर्षहरूमा चरणबद्ध रूपले कार्यक्रमहरू सञ्चालन गरी हाल बैंकको प्रतिनिधि संघ/संस्थाहरूमार्फत सञ्जाल विस्तार भइरहेकोमा आगामी वर्षहरूमा आफ्नै शाखा, उपशाखा र सम्पर्क कार्यलयहरू स्थापना गरिनेछ । त्यस्तै राष्ट्रिय सहकारी बैंकलाई पूर्णरूपले अधिकार सम्पन्न बनाई सञ्चालन गर्नका लागि "राष्ट्रिय सहकारी बैंक ऐन" ल्याउने प्रयास गरिनेछ । सहकारी संघ/संस्थाहरूको विकास तथा प्रवर्द्धनका लागि सहकारी शिक्षा तथा तालिमको अपरिहार्यतालाई मनन् गरी बैंकले आफ्ना सदस्य संघ/संस्थाहरूका प्रतिनिधिहरूलाई स्वदेश तथा विदेशमा विभिन्न तालिम तथा शिक्षाका कार्यक्रममा सहभागी गराउनेछ । आगामी दिनमा बैंकले मुद्रा विप्रेशण (Remittance) को कारोवार गर्ने सोच बनाएको छ भने आफ्ना सदस्य संघ/संस्थाहरूको आफ्नो घर तथा जग्गा खरिद तथा निर्माण एवं तिनीहरूको क्षमता विकासका कार्यक्रमका लागि सहुलियत दरमा कर्जा प्रदान गर्नेछ भने सम्बन्धित निकायहरूसँग समन्वय गरी सहकारी संघ/संस्थाहरूका सदस्यहरूको गरिबी निवारण, आय आर्जन, साक्षरता विस्तारका लागि बैंकले कार्यक्रहरू सञ्चालन गर्नेछ । यसका साथै सहकारी अभियानलाई एक संगठीत क्षेत्रको रूपमा विकास गर्न सहकारी संघ/संस्थाहरूका सदस्यहरू र बैंकसम्मको संगठनात्मक ढाँचाको विकास

गरिनेछ । अन्तरसहकारी सूचना तथा जानकारी आदनप्रदान गर्न सजिलो बनाउने उद्देश्यले बैंकले आफ्नो इन्टरनेट डोमिन (Internet Domin) मा सदस्य सहकारी संघ/संस्थाहरूको वेबसाइट निर्माण गर्ने कार्यक्रमसमेत राखेको छ । बैंकले पाँचौं वर्षमा अधिराज्यभर आफ्नो सञ्जाल विस्तार गरी सम्पूर्ण बैंकिङ्ग कारोवार सञ्चालन गर्ने हामीले योजना बनाएका छौं । यस पूनीत कार्यका लागि हामी समस्त प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरूमा सहयोग र समर्थनका लागि हार्दिक अपील समेत गर्दछौं ।

## ११. अन्तरसहकारी सम्बन्ध र धन्यवाद ज्ञापन :

सहकारी व्यवसाय एक विशिष्ठ संरचनाभित्र सञ्चालित व्यवसाय भइसकेकोले सहकारी आन्दोलनका राष्ट्रिय तथा अन्र्राष्ट्रिय निकायहरूसँग समन्वय गरी आफ्ना कार्यक्रमहरू अघि बढाउन बैंकलाई सो संरचनासँग मूल प्रवाहीकरण गर्ने प्रयास गरिएको छ । यस बैंकका सल्लाहकार श्री दीपकप्रकाश बाँस्कोटा नेपालको सहकारी क्षेत्रको सर्वोच्च निकाय राष्ट्रिय सहकारी संघको अध्यक्षमा पून:निर्वाचित हुनुभएको छ । त्यस्तैगरी यस बैंकका प्रबन्ध सञ्चालक श्री के. वी. उप्रेती, राष्ट्रिय सहकारी संघको लेखासमिति संयोजकमा निर्विरोध निर्वाचित हुनुभएको छ । यस बैंकका लेखासमिति संयोजक श्री ओमप्रकाश शर्मा, राष्ट्रिय सहकारी संघको उपाध्यक्षमा पून:निर्वाचित हुनुभएको छ भने यस बैंकका लेखासमिति सदस्य श्री कुलचन्द्र अधिकारी, राष्ट्रिय सहकारी संघको सञ्चालक सदस्यमा निर्वाचित हुनुभएको छ । यस अवसरमा उहाँहरूलाई संघको गरिममय पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै संघको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

अन्त्यमा राष्ट्रिय सहकारी बैंकको स्थापनाकालागि ठूलो प्रयास र योगदान दिई बैंकलाई आजका स्थितिसम्म ल्याउन सहयोग पुऱ्याउनुहुने बैंक स्थापनाका लागि गठीत तदर्थ समिति, श्री ५ को सरकार, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी संघ, सहकारी विभाग, राष्ट्रिय सहकारी विकास बोर्ड, यस बैंकको शेयर लिनुहुने सम्पूर्ण सहकारी संघ/संस्थाहरू, सम्पूर्ण सहकारीकर्मी मित्रहरूलगायत् उपस्थित सम्पूर्ण प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरू, सम्पूर्ण सल्लाहकारज्यूहरू, यस बैंकका शुभेच्छुकहरू तथा यस बैंकका कर्मचारीहरूलाई धन्यवाद दिँदै उपस्थित सम्पूर्ण प्रतिनिधि तथा पर्यवेक्षज्यूहरूलाई यस साधारणसभामा सक्रिय सहभागिता जनाइदिएकोमा पून: एकपटक स्वागत अविवादन तथा धन्यवाद प्रकट गर्दै विदा हुन चाहन्छु ।

*धन्यवाद !*

**मिति** : २०६२/०१/१६
**स्थान**: केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, नयाँबानेश्वर, काठमाडौं ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रबन्ध सञ्चालक श्री के.बी. उप्रेतीद्वारा प्रस्तुत् बैंकको प्रगति प्रतिवेदन

*आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरू !*

यस राष्ट्रिय सहकारी बैंक न्यूनआय भएका, गरीब तथा मध्यमबर्गका जनताहरूको आर्थिक सामाजिक स्थितिको सुधारका लागि स्थापित् भएको बैंक हो । साथै सहकारी संघ/संस्थाहरूको वित्तीय आवश्यकतालाई टेवा दिन एवं अन्य प्रवर्द्धनात्मक कार्यद्वारा सहकारी क्षेत्रको दीगो विकासका लागि स्थापित् यस बैंकको यस साधारणसभामा प्रतिनिधित्व गरी बैंकको हालसम्मको गतिबिधिप्रति चासो राख्ने सम्पूर्ण प्रतिनिधि तथा पर्यबेक्षक महानुभावहरूलाई राष्ट्रिय सहकारी बैंक तथा आफ्नो तर्फबाट स्वागत तथा अभिवादन गर्न चाहन्छु ।

सहकारी संघ/संस्थाहकरूमार्फत् ग्रामीण तथा शहरी क्षेत्रमा छरिएर रहेको पूँजी, सीप तथा श्रमलाई एकीकृत गर्दै उत्पादनशील क्षेत्रमा लगानी गरी जनताको आयबृद्धि, रोजगारीको सिर्जना तथा आर्थिक सामाजिक स्थितिको सुधार गर्न सहकारी क्षेत्रको महत्वलाई प्राथमिकता दिई श्री ५ को सरकारले अधिकृत पूँजी रू.६४ करोड, जारीपूँजी रू.३२ करोड र चुक्तापूँजी रू. १६ करोड रहेको यस रष्ट्रिय सहकारी बैंकको स्थापनामा आफ्नो सहभागितासमेत जनाई सहयोग पुऱ्याउनुभएका सम्पूर्ण प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरूलाई आभार प्रकट गर्न चाहन्छु । अव म आदरणीय प्रतिनिधि तथा पर्यबेक्षक मित्रहरू समक्ष हालसम्मको बैंकको वित्तीय विवरणहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. बैंकको हालसम्मको वित्तीय अवस्था :

यस राष्ट्रिय सहकारी बैंकको हालसम्मको वित्तीय अवस्था निम्नअनुसार रहेकोले सोहीअनुसार प्रतिनिधि तथा पर्यबेक्षक मित्ररूलाई जानकारी समेत् गराउन चाहन्छु ।

### १.१. शेयरपूँजी :

बिगत २२ महिनाअघि स्थापित् तथा करीब नौ महिना अघिदेखि कारोबार संचालन गरेको यस बैंकको स्थापनामा केही कानूनी एवं अन्य समस्याको कारणले स्थापना प्रकृया केही लामो हुनगई आवश्यक शेयरपूँजी संकलनमा कमि भए तापनि हाल बैंकले आफ्नो कार्यसञ्चालन गरेयता क्रमशः शेयरपूँजीमा बृद्धि भइरहेको छ । हालसम्ममा यस बैंकको चुक्ता शेयरपूँजी रू. ३ करोड ७० लाख २६ हजार भइसकेको छ भने शेयर खरिदका लागि बिभिन्न सहकारी संघ/संस्थाहरूको चासो अत्यधिक मात्रामा बढेर गएको छ । यसै सन्दर्भमा नेपाल राष्ट्र बैंकको शर्तअनुसार बैंक संचालन भएको तेस्रो आर्थिक वर्षको अन्त्यसम्ममा रु. १६ करोड पुऱ्याउनुपर्ने भएकोले सम्पूर्ण सहकारी संघ/संस्थाहरूका प्रतिनिधि तथा पर्यबेक्षक मित्रहरूमा नयाँ शेयर सदस्य बृद्धिका लागि पहल गरिदिनका साथै थप शेयरखरिद गरिद्दिनका लागि समेत अनुरोध गर्न चाहन्छौं ।

### १.२. निक्षेप :

बैंकको कारोबारको उद्घाटन भएयता बैंकले आफ्ना सदस्य संघ/संस्थाहरूबाट निक्षेप लिने तथा तिनीहरूमा लगानी गर्ने कार्यलाई तदारूकताकासाथ अघि बढाइरहेको छ । कारोबार सुरूवात्को पहिलो दिनमा नै प्रसंशनीय निक्षेप संकलन गर्न सक्षम यस बैंकले गत पौष मसान्तसम्ममा जम्मा रू. १ करोड ७१ लाख १३ हजार ५ सय ३९ बराबरको निक्षेप संकलन गरिसकेको छ । निक्षेपलाई आकर्षण गरी बढिभन्दा बढि निक्षेप संकलन गर्न बैंकले आफ्नो सञ्जाल बिस्तारलगायत् उपयुक्त निक्षेप संकलन प्रक्रियाको अवलम्वन गरी आगामी दिनमा बैंकले थप कार्यक्रमहरू सञ्चालन गर्न लागेको प्रतिनिधि तथा पर्यवेक्षक महानुभावहरूलाई सहर्ष अवगत गराउन चाहन्छु ।

सहकारी संघ/संस्थाहरूमार्फत् सानो तथा छरिएर रहेको गरीब तथा न्यूनआय भएका संस्थाको बचतलाई यस बैंकले निक्षेपको रूपमा स्वीकार गर्दा निक्षेपकर्तालाई सकेसम्म आकर्षक एवं समयानुकूल ब्याज प्रदान गरिँदै आएको छ । बैंकले निक्षेपका लागि हाल बिभिन्न योजनाहरू, जस्तै साधारण बचत, बिशेष बचत, ऋमिक बचत, नियमित बचत तथा मुद्दती बचत खाताहरू सञ्चालन गरी कार्यान्वयन गरेको छ भने साधारण बचतको (दैनिक मौज्दात)मा ६ प्रतिशत, साधारण बचतकै (न्यूनतम मौज्दात)मा ६ प्रतिशत, बिशेष बचतमा २ प्रतिशत, ऋमिक बचतमा ६.५ प्रतिशत, नियमित बचतमा ७.५ प्रतिशत र मुद्दतीमा ६.५ र ७ प्रतिशत ब्याजदर प्रदान गर्ने निर्णय भएबमोजिम कार्यान्वयन भइरहेको छ ।

१.३. लगानी :

निक्षेपका अतिरिक्त लगानी बैंकको अर्को अत्यन्त महत्वपूर्ण पक्ष हो । बैंकले गत पौष मसान्तसम्ममा रू.३ करोड २२ लाख २६ हजार ४३ बराबरको रकम कर्जा तथा लगानी गरिसकेको छ । बैंकले हाललाई आफ्ना सदस्य सहकारी संघ/संस्थाहरूलाई धितोको आधारमा कर्जा प्रदान गरिरहेको छ भने उक्त कर्जामा हाललाई वार्षिक १० प्रतिशत ब्याज लिदैं आएको छ । बैंकले लागू गरेको ब्याजदरमा समयअनुसार परिमार्जन गरिदैं लगिने छ ।

बैंकको यस आर्थिक वर्ष तथा आगामी वर्षसम्मका लागि अनुमानित शेयर पूजी, निक्षेप तथा लगानी तालीका "क"मा प्रस्तुत गरेको छु ।

"क"

अनुमानित शेयर रकम, निक्षेप र ऋण तथा लगानी

| ऋ.स. | शीर्षक | यस वर्ष (आ.व.२०६१/६२) को अनुमानित विवरण | आगामी वर्ष (आ.व. २०६२/६३) को अनुमानित विवरण |
|---|---|---|---|
| १ | शेयर पूँजी | रू. ४,००,००,०००/- | रू. ८,२०,००,०००/- |
| २ | निक्षेप | रू. ४,७५,००,०००/- | रू. ३५,००,००,०००/- |
| ३ | ऋण तथा लगानी | रू. ७,६०,००,०००/- | रू. ४१,४५,००,०००/- |

## २. नाफा/नोक्सानको स्थिति :

यस बैंक श्री ५ को सरकारको संलग्नता, मध्यमबर्गीय गरीब समुदाय तथा सहकारी संघ/संस्थाहरूको योगदानबाट सञ्चालित भएको हो । समूदायमार्फत् संघ/संस्थाहरूभित्र रहेको सीमित पूंजीगत स्रोतलाई परिचालन गरी सदस्य संघ/संस्थाहरूलाई अधिकतम सेवा पुऱ्याउनुपर्ने यस बैंकको मूल उद्देश्य भएकोले बैंकले सकेसम्म कम खर्चबाट अधिकतम सेवाको रणनीतिलाई अक्षरसः परिपालन गरी कार्य गरिरहेको छ । बैंक सञ्चालनका लागि सीमित कर्मचारीको व्यवस्था [हाललाई १० जना मात्र (करार ४ र स्थायी ५ जना र सुरक्षाकर्मी १ जना ) ] गरिएको छ । सरल तथा छिटो सुविधा र उच्चतम प्रतिफलका लागि बैंक सदा प्रयासरत् छ । यस बैंकका अध्यक्षज्यूले अघिनै प्रस्तुत गरेजस्तै बैंकले प्रभावकारी सञ्चालन तथा अनावश्यक खर्चप्रतिको नियन्त्रणको कारणले बैंकको वित्तीय अवस्थालाई अपेक्षाकृत बनाएको छ । आफ्नो कारोबार शुरू गरेयता बैंकको गत पौंष मसान्त सम्ममा उपलब्ध रू. ५ करोड ४५ लाख १२ हजार ३ सय ६७ पूँजी तथा दायित्वबाट रू. ३ करोड २२ लाख २६ हजार ४३ कर्जा तथा लगानी प्रवाह गरेर रू.१५ लाख ४२ हजार ३१ रूपैयाँ बराबर ब्याज आम्दानी तथा रू.६१ हजार ७ सय ४० रूपैयाँ अन्य आम्दानी गरी जम्मा रू १६ लाख ३ हजार ७ सय ७१ आम्दानी गरेको छ । सोही अवधिमा बैंकको खर्चतर्फ रू.२ लाख ६३ हजार १३ ब्याजखर्च, रू. ६ लाख ८८ हजार ७ सय १७ कर्मचारी खर्च, रू ५९ हजार ५ सय ४७ बराबरको जोखिमसम्बन्धी व्यवस्था समेतको खर्च कट्टा गरी बैंकले रू. ११ हजार ८ सय ३३ बराबर सञ्चालन बचत आर्जन गर्न सफल भएको आदरणीय प्रतिनिधि तथा पर्यवेक्षकहरू समक्ष जानकारी गराउन पाउँदा हामी अन्यन्त खुसी भएका छौं ।साथै संघ/संस्थाहरूको सहयोग र सद्भाव रहेमा यसै आर्थिक बर्षको अन्यसम्ममा पूर्ण रूपमा नाफामा सञ्चालन गरी अर्को आर्थिक बर्षदेखि सदस्य सहकारी संघ/सस्थाहरूलाई लाभांश बितरण गर्ने हामीले लक्ष्य बनाएका छु ।

तालिका "ख" "ग" र "घ" मा यस आर्थिक वर्ष तथा आगामी वर्षसम्मका लागि अनुमानित खर्च, आम्दानी र नाफा/नोक्सान प्रस्तुत गरेको छु ।

तालिका "ख"

आयतर्फ

| क्र.स. | शीर्षक | यस वर्ष (आ.व.२०६१/६२) को अनुमानित आम्दानी विवरण | आगामी वर्ष (आ.व. २०६२/६३) को अनुमानित आम्दानी विवरण |
|---|---|---|---|
| १ | ऋणबाट व्याज | रू. १५,००,०००/- | रू. १,९४,५०,०००/- |
| २ | लगानीबाट व्याज | रू. ३०,०५,०००/- | रू. ३५,५२,५००/- |
| ३ | विविध आम्दानी | रू. ७,६२,५००/- | रू. ४०,१५,०००/- |
| | कूल आम्दानी | रू. ५२,६७,५००/- | रू. २,७०,१७,५००/- |

तालिका "ग"

खर्चतर्फ

| क्र.स. | शीर्षक | यस वर्ष (आ.व.२०६१/६२) को अनुमानित आम्दानी विवरण | आगामी वर्ष (आ.व. २०६२/६३) को अनुमानित आम्दानी विवरण |
|---|---|---|---|
| १ | निक्षेपमा व्याज | रू. ७,००,०००/- | रू. ८९,००,०००/- |
| २ | कर्मचारी खर्च | रू. १३,७५,०१२/- | रू. १७,९१,७३९/- |
| ३ | व्यवस्थापन खर्च | रू. १९,९५,४७३/- | रू. ३५,६३,०००/- |
| ४ | जोखिम व्यहोर्ने कोष | रू. ४,५०,०००/- | रू. ४६,७५,६००/- |
| ५ | ह्रासकट्टी तथा अन्य खर्च | रू. ७,२४,४२९/- | रू. १२,३३,३१६/- |
| | कूल खर्च | रू. ५२,४४,९१४/- | रू. २,०१,६३,६५५/- |

तालिका "घ"

नाफा/नोक्सान

| क्र. स. | आय | | व्यय | | नाफा/नोक्सान | |
|---|---|---|---|---|---|---|
| | यस आ.व. सम्ममा (आ.व. २०६१/६२) | आगामी आ.व. भित्र (आ.व. २०६२/६३) | यस आ.व.सम्ममा (आ.व. २०६१/६२) | आगामी आ.व. भित्र (आ.व. २०६२/६३) | यस आ.व. सम्ममा (आ.व. २०६१ ६२) | आगामी आ.व. भित्र (आ.व. २०६२/६३) |
| १ | रू.५२,६७,५००/- (ख ) | रू.२,७०,१७,५००/- (ख) | रू.५२,४४,९१४/- (ग ) | रू. २,०१,६३,६५५/- (ग) | रू. २२,५८५/- (ख) - (ग) | रू. ६८,५३,८४४/- (ख) - (ग) |

## ३. कर्जा प्रक्रिया तथा कार्य सम्पादन :

बैंकिङ्ग कारोबार आफैमा एक प्राविधिक व्यवसाय भएकों तथा यसको प्रभावकारी सञ्चालनका लागि अत्यन्त उपयुक्त नीतिनियम, रणनीति तथा कार्यबिधिको अबलम्वन गर्नुपर्ने तथ्यलाई मध्यनजर राख्दै बैंकले उपयुक्त र समयसापेक्ष कर्जा लगानी नियमावली निर्माण गर्नका लागि पटकपटक सदस्य सहकारी संघ/संस्थाहरू तथा अन्य बैंक र वित्तीय संस्थाहुरूसँग परामर्श गर्दै बिशेषज्ञहरूको समेत संलग्नतामा कर्जा नीति तयार पारिएको छ। यसलाई आवश्यकताअनुसार परिमार्जन गरिँदै लगिनेछ । कर्जा प्रवाह गर्दा सञ्चालक समितिको निर्देशन तथा धितोमा आधारित व्यवस्थित कर्जा प्रक्रियाबाट सञ्चालन गरिएको छ । त्यस्तै बैंकिङ्ग कारोबार कुशलतापूर्वक सञ्चालन गर्न बैंकका कर्मचारीहरूलाई विभिन्न तालिमको व्यवस्था गरिँदै आइएको छ । फलस्वरूप बैंकको लेखाप्रणाली तथा कार्यबिधि अन्य बैंकहरू सरह

आधुनिक छिटो तथा छरितो बनाई पूर्णरूपमा बैंकिङ्ग प्रविधिको अनुशरण गरिएको छ । बैंकले आफ्ना सदस्य संघ/संस्थाहरूलाई हप्ताको छ दिन बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म आफ्नो सेवा चालु राखेको छ । आवश्यकताअनुसार सदस्य संघ/संस्थाहरूको सुझावअनसार अन्य सेवाहरू विस्तार गरिदै लगिनेछ । त्यस्तैगरी बैंक स्थापना भएपश्चात् पनि यस बैंक र बिशेषगरी बचत तथा ऋण सहकारी संघ/संस्थाहरूको सञ्चालनका लागि केही नीतिगत कानूनी समस्याहरू यथावत रहेकोले सोको समाधानका लागि बैंकले पटकपटक अन्तरक्रिया, प्रतिनिधिमण्डल (डेलिकेसन), तथा सहकारी क्षेत्रको पक्षबाट दबाव र लविङ्ग समेत गर्दै आइरहेको म आदरणीय सहकारीकर्मी मित्रहरूलाई स्मरण गराउन चाहन्छु ।

## ४. प्रवर्द्धनात्मक कार्य :

राष्ट्रिय सहकारी बैंकको उद्देश्य तमाम सहकारी संघ/संस्थाहरूको वित्तीय आवश्यकतालाई पूरागर्ने मात्र नभई तिनीहरूको प्रवर्द्धन र विकासमार्फत् समुदायका सदस्यहरूको आर्थिक सामाजिकस्थितिमा सुधार ल्याई सहकारी क्षेत्रलाई एक भरपर्दो र दीगो बिकासको माध्यम बनाउने हुनाले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरूको बिकासका लागि बैंकले बिभिन्न प्रवर्द्धनात्मक कार्यहरू गर्दैआएको छ । यस सवालमा बैंकले सहकारी क्षेत्रका अन्य निकायहरू समेतको समन्वयमा सहकारी क्षेत्रका स्वदेशी तथा विदेशी विषेशज्ञहरूलाई आमन्त्रण गरी सहकारी नेतृत्व विकास तालिम, व्यवसाय प्रवर्द्धन तथा सहकारी बैंकिङ्गसम्बन्धी छिमेकी देशको अनुभव एवं अन्तर्राष्ट्रिय अभ्यासका बारेमा सेमिनारहरू सञ्चालन गरिसकेको छ । ती कार्यक्रममा कतिपय हाम्रा सदस्य संघ/संस्थाहरूले सहभागिता जनाइसक्नुभएको पनि जानकारी गराउन चाहनछौं । यसका अतिरिक्त बैंकले सफल सहकारी व्यवसायको प्रभावकारी सञ्चालनका लागि देश विदेशका उत्तम नमूनाहरूको अध्ययन अवलोकन गर्न तथा आफना सदस्य संघ/संस्थाहरूलाई त्यस्ता अवसर प्रदान गर्न अघि बढिरहेको छ र यसको शुरूवात समेत भइसकेको छ । राष्ट्रिय सहकारी बैंकको पहलमा र भारतीय राष्ट्रिय सहकारी संघ तथा अन्य भारतीय स्टेट सहकारी बैंकहरू र राष्ट्रिय सहकारी संघ, नेपालको समन्वयमा बैंकका सञ्चालक तथा कर्मचारीहरूले भारतीय सहकारी बैंकिङ्ग अभ्यासको अध्ययन गरिसकेका छन् । यस बैंकका सल्लाहकारसहित् अध्यक्ष र सञ्चालकहरू समेतको अर्को समूहले पनि भारतका प्रमुख राज्यका ठूला सहकारी बैंकिङ्ग अभ्यासको अध्ययन भ्रमण गरिसक्नुभएको छ ।

## ५. धन्यवाद तथा कृतज्ञता :

अत्यमा यस बैंकको प्रगति तथा प्रवर्द्धनका लागि आफनो सदस्य सहभागिता र कारोबार मार्फत सेवा आदानप्रदान गर्न आदरणीय प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरूको प्रयास र योगदान स्वरूप स्थापित् यस बैंकलाई सहयोग गरिदिनु हुन्छ भन्ने अपेक्षाका साथ आफनो प्रतिवेदन यही अन्त्य गर्ने अनुमति चाहन्छु ।

*धन्यवाद !*

**मिति** : २०६२ /०१ /१६
**स्थान** : केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, नयाँबानेश्वर, काठमाडौं ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्रथम वार्षिक साधारणसभामा प्रस्तुत् लेखा समितिको प्रतिवेदन

**सम्मानित सदस्य संघ/संस्थाको तर्फबाट प्रतिनिधित्व गरी यस सभामा सहभागी हुनुभएका प्रतिनिधि तथा पर्यवेक्षक महानुभावहरू !**

प्रारम्भिक साधारणसभा सम्पन्न भएको १ वर्ष ३ महिना २६ दिनपछि हामी मुलुकभरी छरिएर रही विभिन्न विषयमा सहकारिताको माध्यमबाट सहकार्य गर्ने संस्थाका प्रतिनिधिहरू १ वर्षमा बैंकले गरेका र भएका कार्यहरूको समीक्षा गर्न र भविष्यको योजना/कार्यक्रमको तर्जुमा गर्ने गहन जिम्मेवारी लिएर यस प्रथम वार्षिक साधारणसभामा जुटेका छौं र स्वभाविक रूपले हाम्रो जिम्मेवारी गहन छ ।

आदरणीय मित्रहरू,

सामान्यतया सहकारी ऐनअन्तर्गत दर्ता भएको हाम्रो बैंक र बैंकको विनियमको परिच्छेद ८ को दफा ३१ अन्तर्गत गठन भएको हाम्रो लेखा समिति हो र यसले गर्ने काम, कर्तव्य र अधिकार पनि सोही परिच्छेदको दफा ३२ अनुसार नै हो । तदनुरूप नै समितिले आफ्नो काम मेहनत र इमान्दारिताका साथ गर्दै आई आज यो गरिमामय साधारणसभा समक्ष आफ्नो प्रतिवेदन प्रस्तुत गरिएको छ ।

सहकारीको सिद्धान्तअनुरूप लिखित तथा पारित हाम्रो विनियमले काम, कर्तव्य र अधिकार प्रस्ट किटानी गरेअनुसार आन्तरिक लेखापरीक्षण, बैंकका नीतिगत निर्णय र कार्यान्वयनको पक्षलाई अध्ययन, अनुगमन गर्दै सञ्चालक समिति तथा व्यवस्थापन पक्षले भए गरेका कामलाई सकेसम्म त्रुटिरहित गर्न गराउन सुझाव तथा सहयोग पुऱ्याउँदै लेखा चुस्त, दुरूस्त र पारदर्शी गराउने नै हो । तद्नुरुप नै आ.व. २०६०/२०६१ को बैंकको लेखा हेर्ने काम समितिले नियमित रूपमा गर्दै आन्तरिक लेखा दुरूस्त गरी लेखापरीक्षणसमेत सम्पन्न गराइसकिएको छ जसलाई सञ्चालक समितिले यहाँहरू समक्ष प्रस्तुत् तथा अनुमोदन गराउने छुट्टै एजेण्डा छदैछ ।

मित्रहरू !

हाम्रो बैंकको प्रारम्भिक साधारणसभा नै पौष महिनाको मध्यतिर सम्पन्न भएको हुँदा र उक्त आर्थिक वर्षभरि नै बैंक सञ्चालनमा कारोवार बृद्धि तर्फभन्दा बढी कानुनी रूपमा रहेका अप्ठ्यारा विषयमा सम्बन्धित पक्षसँग सुधारतर्फ जुट्नुपर्ने प्रमुख र पहिलो काम पर्नआएको हुँदा र बैंकका नीतिहरू- कर्जा नीति, निक्षेप नीति, आर्थिक प्रशासन नियामावली, कर्मचारी प्रशासन नियमावलीजस्ता महत्त्वपूर्ण दस्तावेजहरू तयार गर्दै बैंकले चाँडोभन्दा चाँडो वित्तीय कारोबार सञ्चालन सुरू गरी पर्याप्त पूँजी संकलन र परिचालन गर्दै सदस्य संख्याहरूलाई सरल र सहज तरिकाबाट वित्तीय सेवा पुऱ्याउनुपर्ने बैंकको मुख्य लक्ष्य भएको हुँदा सञ्चालक समिति, लेखा समिति, अन्य उपसमिति, कर्मचारी र स्वयं सदस्य संघ/संस्थाले आ.व. २०६०/६१ मा यसै काममा बढी लाग्नुपर्ने बाध्यता यहाँहरूलाई अवगतै छ । यसरी माथिउल्लेखित कामका साथसाथै बैंकले गरेको कारोवारको आन्तरिक लेखा तथा नीतिगत निर्णयको बारेमा २०६० पौष २० देखि २०६१ श्रावण १ सम्ममा लेखा समितिका ४ वटा बैठक बसी आन्तरिक लेखा नियमित रूपले हेर्ने काम सम्पन्न गरेको र नीतिगत निर्णय र कार्यन्वयनतर्फ समेत यथेष्ट ध्यान पुऱ्याउने काम गरेको कुरा अनुरोध गर्दछु ।

प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरू,

आर्थिक वर्षको हिसाबले आउनुपर्ने लेखापरीक्षण प्रतिवेदन प्रक्रियागत नै आएको छ । त्यसमा गत आ.व.मा नै गर्नुपरेका बैंक दर्ता, प्रारम्भिक साधारणसभा, समितिहरूको निर्वाचन जस्तो गहन काम सम्पन्न गर्दा खर्चका अङ्कहरू स्वाभाविकरूपले केही मोटा छन् भने बैंकले गर्ने मुख्य कारोवार कर्जा लगानी र असुलीको काम यस आ.व.बाट

मात्र सुरू भएको हुँदा आम्दानीका अङ्क पातला देखिन्छन् । जे जस्तो यथार्थता हो, त्यसको आधारमा बिल भरपाइ र बही खाता दुरूस्त राखी लेखाको अन्तिम प्रक्रिया (लेखापरीक्षण) सम्पन्न गराउँदासम्म सञ्चालक समितिका अध्यक्षज्यू, प्रबन्ध सञ्चालक तथा सञ्चालकज्यूहरू र कर्मचारीवर्गले मेहनतपूर्वक अतिरिक्त समयसमेत दिएर हिसाबकिताब व्यवस्थित र पारदर्शी ढङ्गले राखेको लेखा समितिले महसुस गरेको छ ।

मित्रहरू,

मैले माथिउल्लेख गरेकै छु, जसरी अघिल्लो आ.व. मा लेखा समिति आफ्नो निर्दिष्ट विषयमा मात्र केन्द्रीत नरही बैंक स्थापित गराउने काममा सञ्चालक समितिसँग काँधमा काँध मिलाउने काममा संलग्न रह्यो । त्यसैगरी आ.व. २०६१/६२ सुरू भएपछि पनि बैंकको आन्तरिक लेखा हेर्ने नीतिगत विषयमा भएका निर्णय र कार्यन्वयन पक्षको गहन अध्ययन गर्ने आवश्यक सुझावहरू सञ्चालक समितिलाई दिने कयौं विषयमा छलफल गर्ने र प्रष्टाप्रष्टि हुने काम निरन्तर गरिरहेको छ । यस काममा सञ्चालक समितिको सहयोग सराहनीय रहेको छ ।

मित्रहरू,

सञ्चालक समितिका अधिकांश बैंठकहरूमा लेखा समितिका संयोजक तथा सदस्यहरूलाई समावेश गराउने र नीति निर्णयहरूमा र छलफलमा सहभागी गर्ने गराउने काम सञ्चालक समितिले गरेको छ । यहाँसम्मकी बैंकको सञ्जाल विस्तार, पूँजी तथा सेवाविस्तारका सिलसिलामा अधिराज्यको विभिन्न ठाउँमा आयोजित विभिन्न समयका कार्यक्रमहरूमा सञ्चालक समितिले सञ्चालकहरू सरह नै लेखा समितिका सदस्यहरूलाई जिम्मेवारी दिने काम गरेको छ । साथै बैंकको वित्तीय व्यवसायिक क्षेत्रविस्तार कार्यदलमा समेत लेखा समिति सदस्य श्री गणेशप्रसाद बस्नेतलाई समावेश गरिएको थियो । उहाँले कार्यदलमा रहेर सञ्चालक समितिले दिएको जिम्मेवारी पूरागर्नु भएको छ भने लेखा समिति संयोजक श्री ओमप्रकाश शर्मा र सदस्य श्री कुलचन्द्र अधिकारीज्यूहरूले पनि बैंकको शाखाविस्तार कार्यमा उल्लेख्य सहयोग पुऱ्याउनुभएको छ । यसको नतिजास्वरूप बैंकले आफ्नो सेवालाई अधिराज्यभर सरल र सुलभ ढङ्गले सदस्य संघ/संस्थाहरूबाट सेवा दिनेगरी सेवाविस्तार हुँदैछ । यसबाट अधिराज्यभरि छरिएर रहेका संघ/संस्थाहरू बैंकसँग आबद्ध हुनेछन्, सेवा लिने अवसर प्राप्त गर्नेछन् भन्ने विश्वास लिइएको छ ।

अन्त्यमा लेखा समितिलाई आन्तरिक लेखापरीक्षण तथा नीतिगत निर्णय र कायान्वयनको निरीक्षण गर्ने काममा सहयोग पुऱ्याउने सञ्चालक समितिका अध्यक्षज्यू, प्रबन्ध सञ्चालकज्यू, सञ्चालक समिति तथा कर्मचारी वर्गमा धन्यवाद दिदै आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा राख्दछु । यस साधारणसभामा उपस्थित हुनुभएका प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरू समक्ष साधारणसभामा प्रस्तुत प्रस्तावउपर सक्रिय सहभागिता जनाई नीतिगत निर्णय गरिदिइ बैंक सञ्चालनमा सहयोग पुऱ्याइदिन र बैंकको केन्द्र, क्षेत्र, शाखा तथा सम्पर्क कार्यलयमार्फत सदस्य बन्दै कारोवार बृद्धि गर्दै लैजानका लागि बैंकबाट अत्याधिक सेवा लिन अनुरोध गर्दै लेखा समितिले यहाँहरूले गरेको विश्वास र नीतिगत अधिकारका आधारबाट बैंकको अनुगमन कार्यमा इमान्दारिताका साथ लागिरहने वचनबद्धता जाहेर गर्दै प्रतिवेदन अन्त्य गर्दछु ।

सहकारी अभिवादनसहित

धन्यवाद !

मिति २०६२/०१/१६

संयोजक : श्री ओमप्रकाश शर्मा
सदस्य : श्री गणेशप्रसाद बस्नेत
सदस्य : श्रीकुलचन्द्र अधिकारी

*Shyam Karki & Co.*
**Chartered Accountants**

G.P.O. Box: 13867, Battisputali
Kathmandu, Nepal
Phone No.: 4460357
E-mail: skarkinco@wlink.com.np

## राष्ट्रिय सहकारी बैंक लिमिटेडको शेयरहोल्डरहरु समक्ष पेश गरिएको पुर्व सञ्चालन खर्चको लेखापरीक्षण प्रतिवेदन

हामीले यस राष्ट्रिय सहकारी बैंक लिमिटेडको पुर्व संचालन अवधि ( मिति २०६१।०४।१८ सम्म) को पुर्व संचालन खर्चहरुको तथा सो मितिमा तयार गरिएको वासलात तथा नगद प्रवाह विवरणको लेखा परीक्षण सम्पन्न गरी देहायको प्रतिवेदन पेश गरेका छौं ।

१. हामीले सोधनी तथा कैफियत तलब गरेका कूराहरुको जवाफ एवं स्पष्टिकरणका साथै आर्थिक विवरणहरु यथाशीघ्र तथा सन्तोषजनक रुपमा पायौं ।

२. बैंकको हिसाव किताबको परीक्षणबाट हाम्रो रायमा बैंकले आफनो पुर्व संचालन खर्चको, विल भौचर तथा हिसाव किताव समूचित रुपले राखेको छ र यसैसाथ संलग्न वासलात तथा नगद प्रवाह विवरण बैंकको विल भौचरहरुसंग दूरुस्त रहेका छन् ।

३. हाम्रो राय तथा हामीलाई प्राप्त सुचना एवं दिइएका स्पष्टिकरण अनूसार संलग्न हिसावले सोमा उल्लेखित लेखानीतिहरु तथा टिप्पणीहरुका साथ अध्ययन गर्दा वासलातले २०६१।०४।१८ गतेको बैंकको आर्थिक अवस्थाको यथार्थ चित्रण गर्दछ ।

४. हाम्रो राय तथा हामीलाई प्राप्त जानकारी एव दिइएका स्पष्टिकरण र बैंकको हिसाब किताबको परिक्षणबाट संचालक समिति वा सोका कूनै सदस्यले कानुनी व्यवस्थाहरु विपरीत काम काज गरेको वा बैंकको हानी नोक्सानी गरेको हाम्रो जानकारीमा आएन ।

मिति :२०६१।१०।०१

स्थान : काठमाडौं ।

श्याम कार्की

श्याम कार्की एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

Shyam Karki & Co. Kathmandu Nepal Chartered Accountants

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

नयांबानेश्वर, काठमाण्डौं

२०६१ श्रावण १८ गतेको वासलात

| बिबरण | यस वर्ष(रकम रु) | गत वर्ष(रकम रु) |
|---|---|---|
| पुंजी तथा दायित्व | | |
| चूक्ता पुंजी | ३३,७३१,१००।०० | |
| जगेडा कोष | ( | |
| निक्षेप | ( | |
| चालू दायित्व | ३७८,५४८।१० | |
| नाफा नोक्सान हिसाव | ( | |
| कूल पुंजी तथा दायित्व | ३४,१०९,६४८।१० | |

| बिबरण | यस वर्ष(रकम रु) | गत वर्ष(रकम रु) |
|---|---|---|
| सम्पति | | |
| नगद तथा बैंक मौज्दात | ३१,७७३,२३३।४४ | |
| कर्जा तथा लगानी | ( | |
| स्थिर सम्पत्तिहरु | ३४९,८४१।०५ | |
| अन्य सम्पत्तिहरु | १,०६१,६८६।०० | |
| | ९२४,८८७।६१ | |
| कुल सम्पति | ३४,१०९,६४८।१० | |

राजेश हरि जोशी
अध्यक्ष

के. बी. उप्रेती
प्रवन्ध संचालक

श्याम कार्की
लेखापरिक्षक

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

नयांबानेश्वर, काठमाण्डौं

## पूर्व सञ्चालन खर्च

| बिवरण | यस वर्ष(रकम रु) | गत वर्ष(रकम रु) |
|---|---|---|
| तलब खर्च | २८९,३२८।०० | |
| उपहार खर्च | ५,९४०।०० | |
| अतिथि सत्कार | १०६,४६२।३१ | |
| इन्धन खर्च | ५१,२०४।०५ | |
| छपाई तथा स्टेस्नरी | १००,४७७।५० | |
| विविध खर्च | १८२,७४१।४० | |
| सिफारिस खर्च | २,७३३।०० | |
| भ्रमण खर्च | १२६,९५२।०० | |
| विज्ञापन खर्च | ३५०,८८७।२५ | |
| टेलीफोन खर्च | २५,४४९।५४ | |
| बैठक खर्च | २३,२६५।०० | |
| परिवहन खर्च | १९१,२६८।०० | |
| मर्मत खर्च | ९४५।०० | |
| पत्रपत्रिका | २,३४५।०० | |
| दशैं खर्च | १५,०००।०० | |
| कार्यालय चिया खर्च | ४,२३६।०० | |
| सम्भाब्यता अध्यन खर्च (बैंक) | ४७,५००।०० | |
| वैठक चिया, नास्ता खर्च | ३८,२५४।०० | |
| कार्यक्रम खर्च | २२४,३४५।०० | |
| हल भाडा | १,५००।०० | |
| पूरस्कार खर्च | १०,०००।०० | |
| ज्याला खर्च | १६,५००।०० | |
| कन्सलटेन्सी शुल्क | ३६,९२२।०० | |
| नखप्ने सामान | ६९,०५४।०० | |
| कर | ५२५।०० | |
| साधारण सभा खर्च | ९०१,२६४।०० | |
| लेखा परिक्षण शूल्क | १४,०००।०० | |
| जम्मा | २,८३९,०९८।०५ | |
| घटाउने | | |
| व्याज आम्दानी | १,६८२,६२२।४४ | |
| बिविध आम्दानी | २३१,५८८।०० | |
| जम्मा | १,९१४,२१०।४४ | |
| **जम्मा पूर्व सञ्चालन खर्च** | ९२४,८८७।६१ | |

# आर्थिक वर्ष २०६१/६२ र २०६२/६३ को अनुमानित वित्तीय कार्यक्रम तथा बजेटको सारांश

### (१) आ. व २०६१/६२ र आ. व. २०६२/६३ को अनुमानित शेयर पूँजी, निक्षेप तथा ऋण लगानीको विवरण

| क्र.स. | शीर्षक | यस वर्ष (आ.व.२०६१/६२) को अनुमानित विवरण | आगामी वर्ष (आ.व. २०६२/६३) को अनुमानित विवरण |
|---|---|---|---|
| १ | शेयर पूँजी | रू. ४,००,००,०००/- | रू. ८,२०,००,०००/- |
| २ | निक्षेप | रू. ४,७५,००,०००/- | रू. ३५,००,००,०००/- |
| ३ | ऋण तथा लगानी | रू. ७,६०,००,०००/- | रू. ४१,४५,००,०००/- |

### (२) आ. व २०६१/६२ र आ. व. २०६२/६३ को अनुमानित पूँजीगत खर्चको विवरण

| क्र.स. | शीर्षक | यस वर्ष (आ.व.२०६१/६२) को अनुमानित विवरण | आगामी वर्ष (आ.व. २०६२/६३) को अनुमानित विवरण |
|---|---|---|---|
| १ | फर्निचर | रू. ११,४५,७६६/- | रू. ५०,०००/- |
| २ | आफिस सामान | रू. ९७,५४६/- | रू. २५०००/- |
| ३ | सवारी साधन | - | रू. २०,००,०००/- |
| ४ | कम्प्युटर उपकरण तथा सफ्टवेयर | रू. ९,१४,४९४/- | रू. ५,००,०००/- |
| | जम्मा | रू. २१,५७,८०६/- | रू. २५,७५,०००/- |

### (३) आ. व २०६१/६२ र आ. व. २०६२/६३ को अनुमानित आय तथा व्ययको विवरण

(क) आम्दानीतर्फ :

| क्र.स. | शीर्षक | यस वर्ष (आ.व.२०६१/६२) को अनुमानित विवरण | [illegible] वर्ष (आ.व. २०६२/६३) को अनुमानित विवरण |
|---|---|---|---|
| १ | ऋणबाट ब्याज | रू. १५,००,०००/- | रू. १,९४,५०,०००/- |
| २ | लगानीबाट ब्याज | रू. ३०,०५,०००/- | रू. ३५,५२,५००/- |
| ३ | विविध [illegible] | रू. ७,६२,५००/- | रू. ४०,१५,०००/- |
| | कूल आम्दानी | रू. ५२,६७,५००/- | रू. २,७०,१७,५००/- |

(ख) खर्चतर्फ :

| क्र.स. | शीर्षक | यस वर्ष (आ.व.२०६१/६२) को अनुमानित विवरण | आगामी वर्ष (आ.व. २०६२/६३) को अनुमानित विवरण |
|---|---|---|---|
| १ | निक्षेपमा ब्याज | रू. ७,००,०००/- | रू. ८९,००,०००/- |
| २ | कर्मचारी खर्च | रू. १३,७५,०१२/- | रू. १७९१७३९/- |
| ३ | व्यवस्थापन खर्च | रू. १९,९५,४७३/- | रू. ३५,६३,०००/- |
| ४ | जोखिम व्यहोर्ने कोष | रू. ४,५०,०००/- | रू. ४६,७५,६००/- |
| ५ | ह्रासकट्टी तथा अन्य खर्च | रू. ७,२४,४२९/- | रू. १२,३३,३१६/- |
| | कूल खर्च | रू. ५२,४४,९१४/- | रू. २,०१,६३,६५५/- |

### (५) नाफा/नोक्सान विवरण :

| क्र. स. | आय | | व्यय | | नाफा/नोक्सान | |
|---|---|---|---|---|---|---|
| | यस आ.व. सम्ममा (आ.व. २०६१/६२) | आगामी आ.व. भित्र (आ.व. २०६२/६३) | यस आ.व. सम्ममा (आ.व.२०६१/६२) | आगामी आ.व. भित्र (आ.व. २०६२/६३) | यस आ.व. सम्ममा (आ.व. २०६१/६२) | आगामी आ.व. भित्र (आ.व. २०६२/६३) |
| १ | रू.५२,६७,५००/- ३ (क) | रू.२,७०,१७,५००/- ३ (क) | रू.५२,४४,९१४/- ३ (ख) | रू.२,०१,६३,६५५/- ३ (ख) | रू. २२,५८' /- ३(क) – ३(ख) | रू. ६८,५३,८४४/- ३(क) – ३(ख) |

(नोट : यस सारांशको पूर्ण विवरण पेज नं. १८ मा उल्लेख गरिएको छ ।)

राष्ट्रिय सहकारी बैंक लिमिटेड

# आर्थिक वर्ष २०६१/६२ र २०६२/६३ को अनुमानित वित्तीय कार्यक्रम तथा बजेट

सहभागीमूलक विकास प्रयासको नमुनाका रूपमा स्वीकार गरिएको सहकारी पद्दतिका माध्यमबाट ग्रामिण क्षेत्रका कमजोर एवं गरीब, साना तथा सिमान्त कृषक, श्रमिक, कालीगढ तथा जाति, जनजाति आदि सदस्यहरूको सहकारी संघ/संस्थामार्फत आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थामा सुधार ल्याउन तिनीहरूको आर्थिक क्षमतालाई एकत्रित गरी सीर्जित सामूहिक शक्ति र प्रयासद्वारा कृषि उद्यम विकास, घरेलु इलम र उद्योग व्यवसायको प्रवर्द्धन एवं सेवाहरूको विस्तार र परिचालन गर्न स्थापित सहकारी संघ/संस्थाहरूलाई थोककर्जा दिने उद्देश्यले स्थापित यस राष्ट्रिय सहकारी बैंकले आफ्ना सदस्य संघ/संस्थाहरूको वित्तीय विकास तथा प्रवर्द्धनका लागि यस आर्थिक वर्ष तथा आगामी आर्थिक वर्षको कार्यक्रमको अनुमानित बजेट यहां प्रस्तुत गरिएको छ ।

त्यस्तैगरी भावी कार्यक्रमअन्तर्गत तेस्रो वर्षमा बैंकको विद्यमान कारोवारका अतिरिक्त नन् फण्ड बेज (Non-Fund Based) कारोवारको प्रयास गरी सहकारी संघ/संस्थाहरूको बैंक ग्यारेण्टी लिनेसमेतको कारोवारका लागि पहल गर्ने कार्यक्रम रहेको छ । वित्तीय कारोवारमा सञ्जाल विस्तारअन्तर्गत बैंकको कारोवारको अनुमति पाएका सहकारी संघ/संस्थाहरूको नियमित निरीक्षण तथा सुपरीवेक्षण कार्यलाई तदारूकताका साथ अघि बढाइने कार्यक्रमलाई प्रभावकारी रूपले सञ्चालन गरिने छ । बैंकले चौथो वर्षमा गैह्र सदस्यहरूबाट समेत निक्षेप लिई कारोवारमा बृद्धि ल्याई आफनो कार्यक्रमलाई बृहद् बनाउने कार्यक्रम तय गरिएको छ । बैंकले पाँचौं वर्षभित्रमा अधिराज्यभर आफ्नो सञ्जाल विस्तार गरी सम्पूर्ण बैंकिङ्ग कारोवार सञ्चालन गर्न बैंकले आफ्ना कार्यक्रमको तर्जुमा गरेको छ ।

## कार्यक्रमहरू

### १ शेयर पूँजीः

यस बैंकको स्थापनामा केही कानूनी एवं अन्य समस्याको कारणले दर्ता प्रकृया केही लामो हुन गएको कारणले तोकिएको समयभित्र आवश्यक शेयरपूँजी संकलनमा ढिलाई भए तापनि बैंकले आगामी तीन वर्षभित्र १६ करोड चुक्ता पूँजी पुऱ्यउनुपर्ने प्रावधान छ । हाल यस बैंकको चुक्ता शेयरपूँजी रू. ३ करोड ७० लाख भइसकेको छ भने यस आर्थिक वर्षको अन्त्यसम्ममा उक्त पूँजीलाई बढाएर ४ करोड पुऱ्याइने छ । आगामी आर्थिक वर्षको सोही अवधिसम्ममा बैंकको शेयर पूँजिलाई ८ करोड २० लाख पुऱ्याइने छ र तेस्रो आर्थिक वर्षसम्ममा सो पूँजी १६ करोड पुऱ्याउने अनुमान गरिएको छ ।

### औचित्य तथा आवश्यकता :

- नेपाल राष्ट्र बैंकको प्रावधानअनुसार बैंकले सञ्चालको तीनवर्षभित्र रू. १६ करोड पुऱ्याउनुपर्ने भएकोले ।
- बैंकको पूँजीको आधारलाई बलियो पार्नुपर्ने भएकोले ।
- बैंकले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरूको वित्तीय आवश्यकतालाई पूरा गर्न पर्याप्त पूँजीको आवश्यकता भएकोले ।
- बैंकले कारोवारको आयतन तथा क्षेत्रलाई व्यापक बनाई अधिकसेवा तथा मुनाफा आर्जन गर्नका लागि ।

कार्यक्रमले लक्ष्य गरेको शेयर पूँजीको बृद्धिका लागि बैंकले विभिन्न प्रयासहरू सञ्चालन गर्नेछ । धेरैभन्दा धेरै सहकारी संघ/संस्थाहरूको बृहद वित्तीय आवश्यकतालाई पूरा गर्न बैंकलाई पूँजीको मजबूत आधारको आवश्यकता परेकोले बैंकमा शेयर सदस्यता लिइसकेका सहकारी संघ/संस्थाहरूलाई थप शेयरको खरीदका लागि आव्हान गरी थप पूँजी जुटाइने छ । त्यस्तै बैंकको सदस्यता नलिइसकेका सहकारी संघ/संस्थाहरूलाई अधिकतम शेयर लिई बैंकको सदस्यता लिनका लागि कार्यक्रमहरू सञ्चालन गरिने छन् । यसका अतिरिक्त आगामी आ. व. २०६२/६३ मा श्री ५ को सरकारलाई समेत बैंकको थप शेयर खरीद गर्नका लागि अनुरोध गरी शेयर रकमलाई सञ्चालनको तीन वर्षभित्रमा १६ करोड पूऱ्याउने बैंकको कार्यक्रम छ ।

## २. निक्षेप :

बैंकले शेयर पूँजीका अतिरिक्त आफ्ना सदस्य सहकारी संघ/संस्थाहरूबाट निक्षेप संकलन गरी आवश्यक वित्तीय स्रोतलाई बढाउदै लैजाने कार्यक्रमको तर्जुमा गरेको छ । बैंकको हालको तयार गरेको अनुमानित कार्यक्रमअनुसार यस आर्थिक वर्षभित्र रू. ४ करोड ७५ लाख निक्षेप संकलन गर्नेछ । त्यस्तै आगामी आर्थिक वर्षभित्रमा बैंकले विभिन्न कार्यक्रमहरूको अनुशरण गरी ३५ करोड निक्षेप संकलन गर्ने कार्यक्रम तय गरेको छ । सहकारी संघ/संस्थाहरूमार्फत् छरिएर रहेको बचतलाई यस बैंकले निक्षेपको रूपमा स्वीकार गर्दा निक्षेपकर्तालाई सकेसम्म आकर्षक एवं समयानुकूल ब्याज प्रदान गर्नेछ । बैंकले निक्षेपका लागि हाल विभिन्न योजनाहरू, जस्तै साधारण बचत, बिशेष बचत, क्रमिक बचत, नियमित बचत तथा मुद्दती बचत खाताहरू सञ्चालन गरी कार्यान्वयन गरिरहेको छ भने हाललाई साधारण बचतको (दैनिक मौज्दात)मा ६ प्रतिशत, साधारण बचतकै (न्यूनतम मौज्दात)मा ६ प्रतिशत, बिशेष बचतमा २ प्रतिशत, क्रमिक बचतमा ६.५ प्रतिशत, नियमित बचतमा ७.५ प्रतिशत र मुद्दती बचत (बार्षिक) मा ६.५ र ७ प्रतिशत ब्याजदर प्रदान गर्दै आएको छ ।

### औचित्य तथा आवश्यकता :

- सहकारी संघ/संस्थामा भएको बचतलाई आकर्षक व्याजदरको प्रतिफल दिई बैंकको वित्तीय आधारलाई बढाउन ।
- सदस्यहरूका बिभिन्न आयआर्जनका व्यवसायहरू सञ्चालन गर्नका लागि संघ/संस्थामा हुने वित्तीय आवश्यकतालाई सहुलियत दरमा ऋण प्रदान गरी समाधान गर्न ।
- बैंकको वित्तीय आधार बलियो पारी संघ/संस्थाहरूबाट प्रस्ताव गरिएका तथा हुनसक्ने सम्भाव्य व्यवसायमा लगानी गर्ने पहुँचको विस्तार गर्न ।
- सहकारी संघ/संस्थाहरूमा रहेको बचत स्रोत साधानलाई वित्तीय आवश्यकता भएको क्षेत्रमा प्रवाह गरी स्रोतसाधन बृद्धि गर्न ।

निक्षेप संकलनमा बृद्धि ल्याउनका लागि हाल काठमाडौं उपत्यकाभित्रका सदस्य सहकारी संघ/संस्थाहरूलाई बैंक आफैले यथास्थानमा गई निक्षेप लिने जस्ता थप सुविधाको व्यवस्था गर्न लागेको छ । त्यस्तै बैंकले काठमाडौं उपत्यकाभन्दा बाहिरका स्थानहरूमा आफ्ना सञ्जाल विस्तार गरी प्रतिनिधि संघ/संस्थाहरूमार्फत निक्षेप संकलन गरी बैंकको वित्तीय आधारलाई पर्याप्त बनाउने प्रयास गरिएको छ ।

## ३ लगानी :

राष्ट्रिय सहकारी बैंकको स्थापनाको उद्देश्य नै वास्तवमा सहकारी संघ/संस्थाहरूलाई आवश्यक पर्ने वित्तीय सोवा उपलब्ध गराउने भएकोले बैंकले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरूलाई सरल र सुलभ रूपबाट थोक कर्जा उपलब्ध गराउँछ । बैंकले गत पौष मसान्तसम्ममा आफ्ना सदस्य संघ/संस्थाहरूमा रू.३ करोड २२ लाख २६ हजार ४३ बराबरको रकम कर्जा तथा लगानी गरिसकेको छ । सदस्य सहकारी संघ/संस्थाहरूको आवश्यकतालाई मध्यनजर गर्दै र बैंकको वित्तीय स्रोतको आधारलाई मनन् गर्दै बैंकले यस आर्थिक वर्षको अन्त्यसम्ममा रू. ७ करोड ६० लाख लगानी गर्ने कार्यक्रम बनाएको छ । बैंकले आगामी आर्थिक वर्षभित्र कर्जा लगानीलाई बढाई रू ४१ करोड ४५ लाख पुर्‍याउने कार्यक्रम बनाएको छ ।

### औचित्य तथा आवश्यकता :

- सदस्य सकारी संघ/संस्थाहरूको कर्जा मागलाई पूरा गर्न ।
- बैंकको उपलब्ध वित्तीय स्रोत तथा पूँजीलाई लगानी गरी प्राप्त प्रतिफलबाट बैंकका शेयर सदस्यहरूलाई नियमानुसार लाभांश वितरण गर्न ।
- सहकारी क्षेत्रबाट संचालन भएका तथा हुनसक्ने साना तथा ठूला व्यवसाय सञ्चालन गरी सहकारी संघ/संस्थाहरू तथा सम्पूर्ण सहकारी क्षेत्रलाई देशको एक महत्वपूर्ण आर्थिक उपक्षेत्रको रूपमा विकास गर्न ।
- सहकारी संघ/संस्थामार्फत सामान्य जनतालाई कर्जाको पहुँच पुर्‍याउन ।

बैंकले कर्जा लगानी गर्दा सदस्य संघ/संस्थाहरूको व्यवसायिक प्रस्तावको सूक्ष्म मूल्याङ्कन गरी आवश्यक वित्तीय सहयोग उपलब्ध गराइनेछ । कर्जा प्रवाहका लागि सदस्य संघ/संस्थाहरूसँग उनीहरूको अति सम्भाव्य व्यवसायको एक सूची तयार गरी त्यसलाई अद्यावधिक गर्दै बैंकले आफनो कर्जा प्रदान गर्दा यसलाई सहायक सामग्रीको रूपमा राख्नेछ । कर्जा प्रकृया सरल छिटो र पारदर्शी बनाइएको छ । कर्जा माग गर्ने संघ/संस्थाहरूले आवश्यक प्रकृयाका लागि सम्पूर्ण सूचना तत्काल पाउनसक्ने

व्यवस्था मिलाइएको छ भने प्रस्तावित व्यवसायको अध्ययन तदारूकताका साथ गरिसकेपछि कर्जा स्वीकृती तथा अस्वीकृतीको सूचना समेत तुरून्त पाउन सक्ने कार्यक्रमको तर्जुमा गरिएको छ ।

## ४ खर्च :

बैंकले सकेसम्म खर्चलाई सीमित गरी प्रतिफललाई उच्च राख्ने कार्यक्रम अघि बढाएको छ । त्यसका लागि अनावश्यक खर्चको कटौति तथा सापेक्षित रूपमा सानो व्यवस्थापन खर्चभित्रै बैंकलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने कार्यक्रम अख्तियार गरेको छ । यस आर्थिक वर्षमा बैंकले निक्षेपमा रू ७,००,०००/-, कर्मचारीका लागि रू १३,७५,०१२/-, व्यवस्थापन खर्च रू. १९,९५,४७३/-, जोखिम व्यहोर्ने कोषमा रू. ४,५०,००० तथा ह्रासकट्टी एवं अन्यमा रू. ७,२४,४२९ गरी कूल रू. ५२,४४,९१४/- खर्च गर्ने अनुमानित योजना बनाएको छ । त्यस्तैगरी आगामी आर्थिक वर्षमा बैंकले निक्षेपमा रू ८९,००,०००/-, कर्मचारीका लागि रू १७,९१,७३९/-, व्यवस्थापन खर्च रू. ३५,६३,०००/-, जोखिम व्यहोर्ने कोषमा रू. ४६,७५,६००/- तथा ह्रासकट्टी एवं अन्यमा रू. १२,३३,३१६/- गरी कूल रू. २,०१,६३,६५५/- खर्च गर्ने अनुमानित योजना बनाएको छ ।

यसबाहेक बैंकले पूँजीगत खर्चतर्फ कार्यालय सञ्चालनका लागि आवश्यक फर्निचर, अफिस सामान र कम्प्युटर उपकरण तथा सफ्टवेयर समेतगरी जम्मा रू. २१,५७,८०६ बराबरको खर्च गरिसकेको छ भने आगामी वर्षमा कारोवार तथा संगठनात्मक बृद्धिका कारण सो खर्च रू. २५,७५,००० हुने अनुमान गरिएको छ ।

### औचित्य तथा आवश्यकता :

- बैंकले सदस्य सहकारी संघ/संस्थाबाट लिएको निक्षेप दायित्व वापत व्याज प्रदान गर्न ।
- बैंकमा कार्यरत कर्मचारीहरूलाई तलव तथा भत्ता प्रदान गर्न ।
- व्यवस्थापन कार्य सुसञ्चालनका लागि आवश्यक खर्च गर्न ।
- बैंकिङ नियम तथा प्रकृया अनुसार विभिन्न कोष तथा ह्रासकट्टीको व्यवस्था गर्न ।

बैंकले उपरोक्त कार्यका लागि माथिउल्लेखित आवश्यकताको आधारमा खर्चको अनुमान गरेको छ ।

## ५ आम्दानी :

बैंकले खर्चलाई कम गरी आम्दानीलाई उच्च राख्ने कार्यक्रमअनुसार यस आर्थिक वर्षभित्र बैंकले माथिका बुंदा नं. ३ मा उल्लेखित कर्जा प्रदान गरी रू १५,००,०००/-, लगानीबाट रू ३०,०५,०००/- तथा विविध आम्दामी रू ७,६२,५००/- गरी कूल रू. ५२,६७,५००/- आम्दामी गर्ने अनुमानित योजना बनाएको छ । त्यस्तैगरी आगामी आर्थिक वर्षमा बैंकले माथिका बुंदा नं. ३ मै उल्लेखित हागामी वर्षमा कर्जा प्रदान गरी रू १,९४,५०,०००/-, लगानीबाट रू ३५,५२,५००/- तथा विविध आम्दामी रू ४०,१५,०००/- गरी कूल रू. २,७०,१७,५००/- आम्दामी गर्ने अनुमानित योजना बनाएको छ ।

### औचित्य तथा आवश्यकता :

- बैंकले आफ्ना सदस्य संघ/संस्थाहरूलाई कर्जा लगानी गरेवापत प्राप्त हुने व्याज आम्दानी ।
- बैंकले आफ्ना विभिन्न कोष तथा रकमहरू अन्य बैंक तथा वित्तीय संस्था एवं सहकारी संघ/संस्थामा राख्दा तथा सरकारी प्रत्याभूतिहरूको ऋय गर्दा प्राप्त हुने व्याज तथा अन्य आम्दानी ।
- बैंकले कर्जा लगानी गर्दा प्राप्त सेवाशुल्क तथा अन्य आम्दानी ।

बैंकले उपरोक्त कार्यका लागि निक्षेप तथा लगानीको दायरा बढाई आवश्यक आम्दानीको अनुमान गरेको छ ।

## ६ प्रवर्द्धनात्मक कार्य :

### (क) तालिम तथा शिक्षा :

सहकारी संघ/संस्थाहरूको वित्तीय आवश्यकताको परिपूर्तिका अतिरिक्त बैंकले आफ्ना सदस्य संघ/संस्थाहरूको प्रवर्द्धनका लागि यस आर्थिक वर्ष तथा आगामी आर्थिक वर्षका लागि विभिन्न तालिम तथा सहकारी शिक्षाका कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ । बैंकले सहकारी संघ/संस्थाका अध्यक्ष, कार्यकारी सञ्चालक तथा बरिष्ट अधिकृतहरूका लागि नेतृत्व विकास तथा सहकारी बैंकिङ्ग एवं व्यवसाय प्रवर्द्धनसम्बन्धी राष्ट्रिय सहकारी संघको संयुक्त आयोजनामा ४ दिने कार्यक्रम संचालन गरिसकेको छ । त्यसैगरी बैंकले आफ्ना सहकारी संघ/संस्थाका प्रतिनिधिहरूलाई सम्भव भएसम्म विभिन्न अध्ययन अवलोकन भ्रमण गराउने कार्यक्रम समेत राखेको छ । यस आर्थिक वर्षमा तालिम तथा शिक्षासम्बन्धी कार्यक्रमको आयोजना गरिने योजना छ भने

बैंकका सदस्य सहकारी संघ/संस्थाका प्रतिनिधिहरूलाई स्वदेश तथा विदेशका केही उत्तम सहकारी नमूनाको अध्ययन भ्रमण तथा तालिमका लागि कार्यक्रमको सञ्चालन गर्ने कार्यक्रम रहेको छ ।

औचित्य तथा आवश्यकता :

- सहकारी शिक्षा तथा तालिम सहकारी व्यवसायको सफलताका लागि ज्यादै महत्वपूर्ण भएकोले ।
- सहकारी शिक्षा तथा तालिम प्रदान गर्ने सहकारी निकायहरू एवं केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रद्वारा हाल सञ्चालित तालिम कार्यक्रमले सबै सहकारी संघ/संस्थाहरूको सदस्यहरूको तालिमसम्बन्धी आवश्यकतालाई समेट्न तथा पूरागर्न नसकेको हुनाले ।
- अध्ययन भ्रमणको आदानप्रदानले अन्य सहकारी संघ/संस्थाको सफलतासम्बन्धी प्रविधि, तरिका तथा रणनीतिको प्रयोग हुने भएकोले ।
- सहकारीकर्मीहरूबीच अध्ययन भ्रमणबाट नयां उत्साह थपिने हुनाले ।

राष्ट्रिय सहकारी बैंकले यस्ता प्रकारका प्रवर्द्धनात्मक कार्य गर्दा शुरूका केही वर्षसम्म उक्त कार्यका लागि हुने खर्चलाई कार्यक्रमकै आम्दानीबाट व्यहोर्ने योजना बनाएको छ ।

(ख) सूचना तथा सञ्चार प्रवर्द्धन कार्यक्रम :

सहकारी अभियानको सफल सञ्चालनका लागि सूचना र सञ्चार क्षेत्रको महत्व ज्यादै बढी छ । सफल सहकारी व्यवसाय संचालनका विवरण, सहकारी क्षेत्रका गतिविधि, सहकारिताको राष्ट्रिय अन्तर्राष्ट्रिय गतिविधि, एक आपसी अनुभव आदानप्रदान, सहकारी सिद्धान्त, आदर्श र दर्शनका बारेमा सम्बन्धित सबै पक्षलाई सुसूचित गराउनु नितान्त आवश्यक भएको छ ।

औचित्य तथा आवश्यकता :

- राष्ट्रिय अन्तर्राष्ट्रिय सहकारी गतिविधिसम्बन्धी नियमित सूचना प्रवाह गर्ने अन्य भरपर्दो माध्यम नभएकोले ।
- सहकारी आदर्श, मूल्य, मान्यता, सिद्धान्तका सम्बन्धमा सर्वसाधारणलाई नियमित जानकारी गराउने अन्य भरपर्दो माध्यम नभएकोले ।
- सहकारीसम्बन्धमा विभिन्न लेखक एवं बुद्धिजीवीहरूका विचार प्रवाह गरी सहकारी आन्दोलनलाई सशक्त ढङ्गले अगाडि बढाउनु जरूरी भएकोले ।

उल्लेखित अवस्थामा सहकारीसम्बन्धी समाचार संकलन, प्रकाशन र प्रशारणलगायत् प्रेससम्बन्धी कार्यहरू प्रभावकारी तवरबाट सञ्चालन गरी सहकारी व्यवसायको विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याउन प्रस्तुत कार्यक्रमको शुरूवात् गरिएको हो । बैंकले यस्ता प्रकारका प्रवर्द्धनात्मक कार्य गर्दा शुरूका केही वर्षसम्म उक्त कार्यका लागि हुने खर्चलाई पनि कार्यक्रमकै आम्दानीबाट व्यहोर्ने योजना बनाएको छ ।

## ८ नाफा/घाटा :

राष्ट्रिय सहकारी बैंक आफ्ना सदस्य सहकारी संघ/संस्थाहरूको सेवाका लागि स्थापित भएको भए पनि बैंकको दीगो सञ्चालन तथा मजबुतीकरणका लागि नाफा ज्यादै महत्वपूर्ण छ । बैंकले आफ्नो सेवामुखी छविलाई कायम राख्दै कारोवारमार्फत हुने आम्दानीलाई उच्चतम बनाउदै सबै खर्च कट्टा गरी यस आर्थिक वर्षको अन्त्यसम्ममा कर कट्टा गर्नुभन्दा अघि रू. २२,५८५/- बराबर मूनाफा आर्जन गर्ने कार्य योजना बनाएको छ । त्यसैगरी आगामी आर्थिक वर्षमा बैंकले कर कट्टा गर्नु अघि रू. ६८,५३,८४४/- बराबर मुनाफा आर्जन गर्ने कार्य योजना बनाएको छ ।

औचित्य तथा आवश्यकता :

- बैंकलाई दीगो रूपमा सञ्चालन गर्न ।
- सदस्य सहकारी संघ/संस्थाहरूलाई सेवा प्रदानका लागि सुनिश्चितता कायम राख्न ।
- सदस्य सहकारी संघ/संस्थाहरूका लागि विभिन्न प्रवर्द्धनात्मक कार्य सञ्चालन गर्न ।

बैंकले उल्लेखित मुनाफा आर्जन गर्नका लागि यस आर्थिक वर्षभित्रमा माथिउल्लेख भएबमोजिम रू. ७,६०,००,०००/- कर्जा तथा लगानी गर्ने र आगामी आर्थिक वर्षभित्रमा कर्जा तथा लगानीलाई बढाई रू ४१,४५,००,०००/- पुऱ्याउने कार्यक्रम बनाएको छ जसबाट बैंकलाई यस आर्थिक वर्षमा विविध आम्दानी समेत गरी रू. ५२,६७,५००/- आम्दानी हुनेछ भने सोही अवधिसम्ममा बैंकको सम्पूर्ण खर्च रू. ५२,४४,९१४/- कटाई रू. २२,५८५/- बराबर मुनाफा आर्जन गर्नेछ । आगामी वर्षमा सो बैंकले कर्जा तथा लगानी बढाई रू. ४१,४५,००,०००/- पुऱ्याइ विविध आम्दानी समेत गरी रू. २,७०,१७,५००/- आम्दानी गरी सोही अवधिसम्ममा बैंकको खर्च रू. २,०१,६३,६५५/- कटाइ रू. ६८,५३,८४४/- बराबर मुनाफा आर्जन हुने अनुमान गरिएको छ ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा निर्मित राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि उपयुक्त कानूनी स्वरूप र संस्थागत व्यवस्थासम्बन्धी

# अध्ययन समिति २०६१ ले प्रतिवेदनमा उल्लेख गरेका सुझावहरूको सारांश

सुझावहरूको सारंश

१. राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त वित्तीय सहकारी संस्थाहरू र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन तथा सुपरीवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution-STI) स्थापना गर्नुपर्ने,

२. STI गठन नहुन्जेलसम्म राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंकको नियमन, निरीक्षण तथा सुपरिवेक्षणमा रहने व्यवस्था गर्नुपर्ने र नेपाल राष्ट्र बैंकको नियमनमा रहेपछि संस्थागत निक्षेप र ऋण तथा सस्तो ब्याजको वित्तीय स्रोत (अन्तरराष्ट्रिय ऋण तथा अनुदान) समेतमा पहुँच दिनसकिने,

३. STI गठन नभए वा सो कार्यमा निकै समय लाग्नसक्ने भए बचत तथा ऋण सहकारी संस्थाको स्थापना, सञ्चालन, नियमन, निरीक्षण तथा नियन्त्रण (गलत कार्य गर्नबाट)का लागि र राष्ट्रिय सहकारी बैंकलाई सुसञ्चालन गर्न र नेपाल राष्ट्र बैंकको नियमनमा राख्न सहकारी ऐन, २०४८ मा आवश्यक संशोधन गर्नुपर्ने,

४. बचत तथा ऋण र अन्य सहकारी संस्थाहरूको विकासका लागि "सहकारी बैंक ऐन" को तर्जुमा गरी लागू गर्नुपर्ने,

५. STI गठन भएपछि नेपाल राष्ट्र बैंकले इजाजत प्रदान गरेका संस्थाहरूको लागि छुट्टै कुनै व्यवस्था गर्नु नपर्ने तर सो नभएसम्म नेपाल राष्ट्र बैंकले यथावत् नियमन, निरीक्षण तथा सुपरिवेक्षण गरिनै रहनुपर्ने,

६. सहकारी संस्था नियमन तथा अनुगमनसम्बन्धी नीति निर्देशन तयार गर्न कृषि तथा सहकारी मन्त्रालय/सहकारी विभागअन्तर्गत सरोकारवाला निकायका प्रतिनिधिहरू सम्मिलित उच्चस्तरीय समिति गठन गर्नुपर्ने,

७. समितिका सदस्य संस्थाहरूबाट केही दक्ष व्यक्तिहरू सहकारी विभागमा काजमा खटाई त्यस्ता कर्मचारी र सहकारी विभागका कर्मचारीहरूलाई तालिमको व्यवस्था गरी केही बचत तथा ऋण सहकारी संस्थाहरूको निरीक्षण कार्य तत्कालै शुरू गर्नुपर्ने,

८. सहकारी शिक्षा र तालिमलाई विस्तार गर्न हालको प्रशिक्षण केन्द्रलाई "राष्ट्रिय सहकारी प्रशिक्षण प्रतिष्ठान" को रूपमा विकसित गर्ने र सो प्रतिष्ठान संचालन गर्न सहकारी तालिम परिषद् गठन गर्नुपर्ने,

९. सम्बन्धित विषयगत जिल्लास्तरीय सहकारी संघ र जिल्ला सहकारी संघहरूलाई स्थानीयस्तरको स्वनियमनकारी निकायको रूपमा विकसित गर्नुपर्ने र सम्बन्धित विषगत जिल्ला एवं केन्द्रीय संघ र राष्ट्रिय सहकारी संघमा अनिवार्य संबद्धता लिने/दिने व्यवस्था गर्नुपर्ने,

१०. सहकारी संस्थाहरू तथा राष्ट्रिय सहकारी बैंक निजी क्षेत्रका संगठित निकाय (Corporate Body) नभई सहकारी निकाय (Co-operate Body) भएको र तिनको प्रमुख उद्देश्य मुनाफा आर्जन नभएकाले महानगरपालिका, उपमहानगरपालिकाहरू तथा उपमहानगरपालिका उन्मुख नगरपालिकाहरू बाहेक अन्यत्र स्थापित सहकारी संस्थाहरूलाई संस्थागत कर (Corporate Tax) नलगाउने र कर लाग्ने क्षेत्रहरूमा पनि सहकारी कर (Co-operative Tax) लगाई बढीमा १० प्रतिशत मात्र करको दर कायम गर्नुपर्ने,

११. ग्रामीण र शहरी क्षेत्रका लागि नियमनकारी सीमा (Regulatory Threshold) कायम गरी सोभन्दा कम कारोवार गर्ने संस्थालाई स्तर निर्धारणसम्बन्धी स्वनियमन मापदण्ड (Self-regulatory Standard) निर्धारण गरी सोभित्रै रहन दिनुपर्ने,

१२. विद्यमान बचत तथा ऋण सहकारी संस्थाहरूमध्ये कुनै संस्था सहकारी सिद्धान्त र वित्तीय अनुशासनमा नरहेको पाइएमा सकभर सहकारी पद्धतिकै रूपमा सुदृढ हुन आवधिक रूपमा उत्प्रेरित गर्ने र सो सम्भव नभएमा नजिर

नरहने गरी एक पटकका लागि कम्पनीमा रूपान्तरण हुने व्यवस्था गर्ने,

१३. बचत तथा ऋण सहकारी संस्थाले PEARLS Rating प्रणाली र अन्य सहकारी संस्थाहरूको हकमा पनि वित्तीय अनुपातहरू (Ratios) लागू गर्नुपर्ने,

१४. बचत तथा ऋण सहकारी संस्थाहरूले सामाजिक सुरक्षाका कार्यहरूका अतिरिक्त लघु जोखिम बहन(बीमा जस्तै)सम्बन्धी कार्य गर्नसक्ने व्यवस्था हुनुपर्ने, "बीमा" शब्द प्रयोगका लागि बीमा आचार संहिताको व्यवस्था गर्नुपर्ने,

१६. बचत तथा ऋण सहकारी संस्थाहरूमा निक्षेप तथा ऋणका लागि अधिकतम सीमा तोक्नुपर्ने,

१७. बचत तथा ऋण सहकारी संस्था दर्तासम्बन्धी निश्चित मापदण्ड १५ दिनभित्र तयार गरी ७५ वटै जिल्लामा दर्ता प्रक्रिया तत्काल शुरुगर्ने । सहकारी कार्यालयहरू नभएका जिल्लाहरूमा कृषि कार्यालयमार्फत् सो दर्ता गर्ने व्यवस्था गर्ने । यसका लागि आवश्यक परे सहकारी ऐनमा समेत संशोधन गर्ने । सहकारी कार्यालयहरू भएका जिल्लाहरूमा पनि दरवन्दी अनुरूप कर्मचारी व्यवस्था गर्ने ।

१८. सहकारी कार्यालयहरू अवस्थित नभएका जिल्लाहरूमा बचत तथा ऋण सहकारी संस्था दर्ता तथा नियमनसम्बन्धी कार्य गर्न कृषि कार्यालयहरूमा थप कर्मचारीको व्यवस्था गरी तालिम प्रदानगर्ने । बचत तथा ऋण सहकारिताबारे तालिमप्राप्त कर्मचारीहरूमार्फत् यी कार्यालयहरूले पनि बचत तथा ऋण कारोवारसम्बन्धी संस्थाहरू दर्ता तथा नियमन गर्नुपर्ने,

१९. बहुउद्देश्यीय सहकारी संस्थाको रूपमा दर्ता भएर बचत तथा ऋण सहकारीको मात्र कार्य गर्न नपाउने, सो गर्ने भए निश्चित अवधिभित्र अन्य कार्यहरू त्याग्नुपर्ने,

२०. बचत तथा ऋण सहकारी संस्थाका शाखाहरू जुनजुन क्षेत्रमा कार्यरत छन् ती शाखाहरूलाई दुई वर्षभित्र प्रारम्भिक सस्थाको रूपमा विकसित गर्ने । यो कार्य सहकारी विभाग र सम्बन्धित संस्थाले गर्ने,

२१. सहकारी बैंक ऐन वा STI गठन नहुन्जेल नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त वित्तीय सहकारी संस्थाहरूबारेको व्यवस्था यथावत रहन दिने,

२२. बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिको गठन विधि, सञ्चालकको पदावधि, नयाँ निर्वाचनबाट आउनसक्ने सञ्चालकहरू, कार्यकारी सञ्चालकहरूको संख्या/अनुपात र कार्यविधिबारे एकरुपता ल्याउने गरी नियम बनाउनुपर्ने,

२३. बचत तथा ऋण सहकारी संस्थाहरू एकीकरण हुनसक्ने कानूनी व्यवस्थालाई व्यावहारिक तुल्याउन कार्यविधिहरू सरल तुल्याउनुपर्ने,

२४. भ्रष्टाचार निवारण ऐनमा राष्ट्र सेवकले सहकारी संस्थाको सदस्य बन्न नपाउने व्यवस्था भएकोमा त्यसमा संशोधन गरी सदस्य बन्न पाउने व्यवस्था गर्ने,

२५. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ मा सबै प्रकारको निक्षेप लिने र कर्जा दिने कारोवार गर्न बैंकको स्वीकृत लिनुपर्ने प्रावधानमा संशोधन गरी "समूहमा आधारित बाहेक" भन्ने वाक्यांश थप्नुपर्ने,

२६. लगातार तीन आर्थिक वर्षसम्म लेखापरीक्षण नगराउने र साधारणसभा नबसाल्ने सहकारी संघ संस्थाहरूको निर्धारित प्रक्रिया पूरा गरी दर्ता खारेज हुने व्यवस्था गर्ने,

२७. यो प्रतिवदन कार्यान्वयनका लागि सहकारी विज्ञहरू समावेश भएको एक उच्चस्तरीय अनुगमन समिति गठन गरी सोमार्फत् समयबद्ध कार्य तालिका बनाई सुझावहरू कार्यान्वयन गर्दैजाने,

२८. STI गठन नहुन्जेल बचत तथा ऋण सहकारी संस्थाको अनुगमन गर्न गठित समितिमार्फत् नै अनुगमनको कार्य निरन्तर गर्ने,

२९. विभिन्न विकास परियोजनाअन्तर्गत गठित समूहहरूलाई सहकारीकरण गर्न गठित समितिमार्फत् नै अनुगमनको कार्य निरन्तर गर्ने,

३०. बचत तथा ऋण सहकारी संस्थाहरूको ऋण असूली कार्यलाई सघाउ पुऱ्याउन यस्ता सहकारी संस्थाहरूलाई पनि ऋण असूली ऐनको संयन्त्रमा समावेश गर्ने

३१. सहकारी संस्थाहरूबाट श्री ५ को सरकारले वस्तु वा सेवा खरीद गर्दा वा सरकारको सम्पत्ती वा सेवा सहकारी संस्थालाई बिक्री गर्दा आर्थिक कार्यविधिको प्रक्रिया (टेण्डर, कोटेशन आदि) अबलम्बन गरी राख्नुपर्ने गरी आर्थिक प्रशासन नियमावलीमा संशोधन गर्ने ।

# तत्कालीन कृषि तथा सहकारीमन्त्री श्री होमनाथ दाहालको अध्यक्षतामा गठीत सहकारी क्षेत्र सुधार सुझाव उच्चस्तरीय समिति २०६१ ले प्रतिवेदनमा उल्लेख गरेका सुझावहरूको साराश

## सुझावहरूको सारांश

१. निजी क्षेत्रको लगानी आकर्षण हुन नसकेका र आर्थिक विकासको प्रवाहमा नसमेटिएका क्षेत्रहरू समेतमा स्थानीय जनताहरूको स्व:स्फूर्त प्रयासबाट आफै व्यावसाहिक सेवाको उपभोग गर्नसक्ने सहकारी उद्यमहरूको बाहुल्यता कायम गर्ने ।

२. सुधारसहित्को न्यायोचित विकासबाट गरिबी निवारणमा योगदान पुऱ्याई सु-संस्कृत, आधुनिक, प्रजातान्त्रिक एवं प्रतिस्पर्धान्मक क्षमतायुक्त समाजको सिर्जना गर्ने ।

३. खुल्ला बजार अर्थव्यवस्थामा गरिबी निवारणका लागि लक्षित वर्ग, समुदाय र जनतालाई सशक्तिकरण गरेर सामुहिक रूपमा आर्थिक तथा सामाजिक विकास गर्ने प्रणालीको रूपमा स्थापित गर्न सहकारी क्षेत्रलाई देशको अर्थतन्त्रको आधारभूत एवं महत्त्वपूर्ण क्षेत्रको रूपमा अंगिकार गर्ने गरी राज्यले सार्वजनिक प्रतिवद्धता सहित राष्ट्रिय सहकारी नीति २०६१ सार्वजनिक गर्ने ।

४. सहकारीताका सिद्धान्त र उदार अर्थनीति अनुरूप व्यावसायिक सोचका आधारमा स्व:स्फूर्त सहकारी संस्थाहरू विकासित गरी विकासको मूल प्रवाहमा नसमेटिएका समुदाय लगायतलाई सहकारी पहिचानका आधारहरू किटान गर्ने ।

५. सहकारी संघ संस्थाहरूमा व्यवसायिक व्यवस्थापनका विकास, संस्थागत वित्तीय पहूंचमा बृद्धि गरी सहकारी व्यवसायलाई उत्पादनमुखी र प्रतिस्पर्धी बनाउँदै सदस्यहरूको सामाजिक तथा आर्थिक हितमा केन्द्रीत व्यवसायिक सँगठनको रूपमा विकसित गर्ने ।

६. सहकारी क्षेत्रमा कार्यरत जनशक्ति (सरकारी कर्मचारी, संघ/संस्थाका साधारण सदस्य, सञ्चालक र कर्मचारी) लाई समेटेर आवश्यक दक्ष जनशक्ति र विशेषज्ञता (Specialization) को विकास गर्ने ।

७. सहकारी संघ/संस्थाहरूको संस्थागत सुदृढीकरण र व्यवसायिक व्यवस्थापन क्षमता वृद्धि गर्न मागअनुसारको व्यवसायिक तथा व्यवस्थापकीय क्षमता बृद्धिका लागि अद्यावधिक सूचना उपलब्ध हुने व्यवस्था मिलाउने ।

८. सहकारी क्षेत्रको विकाससँग सम्बन्धित विषयगत र वस्तुगत तथ्याङ्क संकलन एवं संप्रेषण गरी यस क्षेत्रको व्यवसायिक तथा व्यवस्थापकीय क्षमता बृद्धिका लागि अद्यावधिक सूचना उपलब्ध हुने व्यवस्था मिलाउने ।

९. सहकारी मूल्य, मान्यता र सिद्धान्तबमोजिम संचालित सहकारी संघ/संस्थालाई संस्थागत कर (Corporate tax) नलाग्ने कानूनी व्यवस्था गर्ने ।

१०. कृषि उत्पादन गर्ने, कृषि उपजको प्रशोधन र अन्य मूल्य अभिवृद्धि (Value Addition) को कारोवार गर्ने, उपजका अग्र-पृष्ठ सम्बन्ध (Forward - Backward Linkage) को विकासबाट सम्पूर्ण कर छुटलगायत् अन्य छुट सुविधासमेत दिने । त्यस्ता सहकारी संघ संस्थाहरूलाई कृषि नीति र कृषि क्षेत्रका आयोजनाहरूसँग सम्बद्ध गरी थप सहुलियतको व्यवस्था गर्ने ।

११. ग्रामीण क्षेत्रमा गरिने कृषि/ग्रामीण सडक एवं पूर्वाधार विकासका कार्यक्रमलाई सहकारी व्यवसायसँग आवद्ध

गराउने र कृषि बजार विकासका संरचना निर्माण एवं संचालनमा उत्पादक कृषकका सहकारी संस्थाहरूलाई प्रत्यक्ष संलग्न गराउने व्यवस्था मिलाउने ।

१२. सहकारी क्षेत्र खासगरी कृषि क्षेत्रसँग सम्वद्ध सहकारी र सरकारवीच साझेदारी बढाउन सरकार- सहकारी साझेदारी विकासमा जोड दिने ।

१३. सहकारी क्षेत्रमा कार्यरत् विभिन्न निकायहरू - सहकारी संघ/संस्थाहरू र तिनीहरूले सम्पादन गर्ने कार्यको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी उनीहरूको कार्य अवस्थाका बारेमा सुसूचित गराउने व्यवस्था गर्ने ।

१४. सहकारी संघ/संस्थाहरू कानूनी रूपमा स्वायत्त र स्वतन्त्र संस्था हुन । कानूनको पालना गर्नु सहकारीकर्मीको कर्तव्य हो भने सहकारी सिद्धान्तको आधारमा संस्था र व्यवसाय संचालन गर्नु उनीहरूको नैतिक दायित्व हो । यसै मान्यता अनुरूप सरकारको भूमिका, पूर्वाधार विकास, सहजीकरण, नियमन, प्रवर्द्धन र अनुगमनमा सीमित गर्नुका साथै कानूनी व्यवस्थाद्वारा सहकारी क्षेत्रमा स्वःनियमन र आन्तरिक नियन्त्रणको पद्धति स्थापित गर्ने ।

१५. सहकारी संघहरूको वर्तमान संरचना प्रतिनिधिमूलक र व्यवसायिक तुल्याउन सहकारी ऐन, २०४८ मा आवश्यक संशोधन गर्ने ।

१६. सहकारी क्षेत्रको दीर्घकालीन तथा अल्पकालीन नीति निर्माण र कार्यान्वयनको उच्च तहबाट दृढ प्रतिबद्धता सहित सरकारी तथा वैदेशिक सहयोग आकर्षणको वातावरण सिर्जना गर्न हालको कृषि तथा सहकारी मन्त्रालयको सट्टा बेग्लै सहकारी मन्त्रालय स्थापना गर्ने । सो व्यवस्था नहुञ्जेलसम्म कृषि तथा सहकारी मन्त्रालयमा सह-सचिवस्तरको मातहतमा आवश्यक कर्मचारी रहने गरी सहकारी विकास तथा समन्वय महाशाखा स्थापना गर्ने ।

१७. नेपाल अधिराज्यका सम्पूर्ण जिल्लाहरूमा सहकारी कार्यालय खोली दक्ष जनशक्ति तथा भौतिक सुविधायुक्त बनाउनुपर्ने । सो हुन नसकेको अवस्थामा जिल्ला कृषि विकास कार्यालय वा जिल्ला विकास समितिको कार्यालयमा सहकारी इकाई स्थापना गरी कर्मचारीहरूको व्यवस्था गर्ने ।

१८. केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र र क्षेत्रीय सहकारी प्रशिक्षण केन्द्रहरूलाई समेट्ने र राष्ट्रिय सहकारी विकास वोर्डलाई समायोजन गर्ने गरी "राष्ट्रिय सहकारी प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठान" छुट्टै ऐनद्वारा व्यवस्था गरी एक स्वायत्त प्राज्ञिक निकायको रूपमा विकसित गर्ने । वोर्डमा रहेको सहकारी विकास कोषलाई राष्ट्रिय सहकारी प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठानमा राख्ने र यस कोषमा रहेको रकमलाई वीजपूँजी वा आवर्ति कोष (Seed Money or Revolving Fund) को रूपमा परिचालन गर्ने ।

१९. राष्ट्रिय सहकारी बैंक केन्द्रीय तहका संस्थाको रूपमा रहने र अन्य वाणिज्य बैंक सरह आफ्ना सदस्य संस्थाहरूसँग बैंकिङ्ग कारोवार गर्न नेपाल राष्ट्र बैंकले अनुमति दिने व्यवस्था गर्ने ।

२०. सहकारी संस्थाहरूको विकासका लागि "सहकारी बैंक ऐन" तर्जुमा गरी लागूगर्ने र राष्ट्रिय सहकारी बैंकलाई नेपाल राष्ट्र बैंकको नियमन, निरीक्षण तथा सुपरिवेक्षणमा रहने व्यवस्था गर्ने ।

२१. विद्यमान बचत तथा ऋण सहकारी संस्थाहरूमध्ये कुनै संस्था सहकारी सिद्धान्त र वित्तीय अनुशासनमा नरहेको पाइएमा त्यस्ता संस्थाहरूलाई सहकारी सिद्धान्त अनुरूप परिचालन गराउने । त्यसरी परिचालन हुन नसकेका संस्थाहरू कम्पनीमा रूपान्तरण हुन चाहेमा परम्परा कायम नरहने गरी एक पटक कम्पनीमा जानसक्ने व्यवस्था गर्ने ।

२२. बचत तथा ऋण सहकारी संस्थाहरूको ऋण असूली कार्यलाई सघाउ पुऱ्याउन यस्ता सहकारी संस्थाहरूलाई पनि बैंक तथा वित्तीय संस्थाको ऋण असूली समेट्न नसकेको अवस्थामा सहकारी ऐनमा सहकारी ऋण असूलीसम्बन्धी बेग्लै परिच्छेदको व्यवस्था गर्ने र सहकारी Tribunal को व्यवस्था गर्ने ।

# टिप्पणी




बैंक उद्‌घाटन कार्यक्रमको एक झलक



बैंकमा कार्यरत कर्मचारीहरु

# अन्तर्राष्ट्रिय मान्यताप्राप्त सहकारिताका मूल्य तथा सिद्धान्तहरू

### *१. परिभाषाः*

सहकारी संस्था संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रूपमा नियन्त्रित व्यवसायमार्फत् आफ्ना साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकाङ्क्षाहरू परिपूर्ति गर्न स्वेच्छिक रूपमा एकजुट हुने व्यक्तिहरूको स्वायत्त संगठन हो ।

### *२. मूल्यः*

सहकारी संस्थाहरू स्वावलम्वन, स्व-उत्तरदायी, प्रजातान्त्रिक, समानता, न्याय र ऐक्यवद्धताका मूल्यहरूमा आधारित छन् । आफ्ना संस्थापकहरूको परम्परामा सहकारी संस्थाका सदस्यहरूले इमान्दारिता, खुलापन, सामाजिक दायित्व र अरूको चासो राख्ने नैतिक मूल्यहरूमा विश्वास राख्छन् ।

### *३. सिद्धान्तः*

सहकारी सिद्धान्तहरू सहकारी संस्थाहरूद्वारा आफ्ना मूल्यहरूलाई व्यवहारमा उतार्ने मार्गदर्शनहरू हुन् ।

*क) पहिलो सिद्धान्त : स्वेच्छिक तथा खुला सदस्यताः*

सहकारी संस्थाहरू स्वेच्छिक संगठन हुन् । यी संस्थाहरूबाट प्राप्त हुने सेवा उपयोग गर्नसक्ने र सदस्यताको जिम्मेवारी वहन गर्नचाहने सबै व्यक्तिहरूको लागि सदस्यता खुला रहन्छ । यी संस्थाहरूमा प्रवाह गर्ने सेवा उपयोग गर्नसक्ने र सदस्यताको जिम्मेवारी वहन गर्नसक्ने सबै व्यक्तिहरूको लागि सदस्यता खुला रहन्छ । यी संस्थाहरूमा लिङ्ग, सामाजिक, जातीय राजनैतिक वा धार्मिक भेदभाव रहदैन ।

*ख) दोस्रो सिद्धान्तः सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण :*

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित प्रजातान्तिक संगठन हुन् । यी संस्थाका सदस्यहरू आफ्नो संस्थाको नीति तय गर्न र निर्णय गर्नमा सक्रिय रूपमा सहभागी बन्छन् । निर्वाचित प्रतिनिधिको रूपमा सेवा गर्ने महिला तथा पुरूषहरू आफ्ना संस्थाका सदस्यहरूप्रति उत्तरदायी हुन्छन् । प्रारम्भिक संस्थाहरूमा एक व्यक्ति एक मतको आधारमा सदस्यहरूको समान मताधिकार हुन्छ भने अन्य तहका सहकारी संस्थाहरू पनि प्रजातान्त्रिक आधारमा गठन गरिन्छ ।

*ग) तेस्रो सिद्धान्तः सदस्यको आर्थिक सहभागिता :*

सहकारी संस्थाका सदस्यहरू आफ्नो संस्थाको पूँजीमा न्यायिक रूपमा सहभागी हुन्छन् र यस पूँजीमाथि नि[illegible] राख्छन् । कम्तिमा खासगरी यस पूँजीको केही भाग सहकारी संस्थाको साझा स[illegible] । यस संस्थामा बचत (नाफा) भएमा सदस्यहरूले आफ्नो सदस्यताको लागि चुक्ता गरेको शेयर पूँजीमा सीमित [illegible] फिर्ता पाउँछन् । यी सदस्यहरूले निम्न केही वा सबै उद्देश्य प्राप्तिका लागि बचत रकम छुट्याउँछन् ।

१. आफ्नो संस्थाको विकास गर्न,
२. कम्तीमा अभिभाज्य हुने गरी जगेडा कोष खडा गर्न,
३. संस्थासँग आफ्नो कारोवारको अनुपातमा सदस्यहरूलाई लाभ पुर्‍याउन, र
४. सदस्यहरूद्वारा स्वीकृत अन्य कार्यहरूमा सघाउन

*घ) चौंथो सिद्धान्तः स्वायत्तता र स्वतन्त्रता :*

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित स्वायत्त तथा स्वावलम्वी संगठनहरू हुन् । यी संस्थाहरूले वाह्य स्रोतबाट पूँजी सङ्कलन गर्न सरकारलगायत् अन्य संगठनहरूसँग सम्झौता गर्दा यी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण तथा आफ्ना स्वायत्तता कायम राख्नसक्ने शर्तमा विश्वस्त हुनुपर्छ ।

*ङ) पाँचौं सिद्धान्तः शिक्षा, तालीम र सूचना :*

सहकारी संस्थाहरूले आफ्नो विकासमा प्रभावकारी रूपमा योगदान दिन सकोस् भनी आफ्ना साधारण सदस्य, निर्वाचित प्रतिनिधि, व्यवस्थापक र अन्य कर्मचारीहरूलाई शिक्षा तथा तालीम उपलब्ध गराउँछन् । यी संस्थाहरूले सहकारिताको प्रकृति तथा लाभबारे सामान्य जनता खास गरेर तरूण पुस्ता र बैचारिक अगुवाहरूलाई सुसूचित गर्छन् ।

*च) छैठौं सिद्धान्तः सहकारी संस्थाहरूकाबीच सहयोग :*

सहकारी संस्थाहरूले अति प्रभावकारी रूपमा आफ्ना सदस्यहरूलाई सेवा पुर्‍याई स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय संरचनाहरूमा सहभागी भएर सहकारी आन्दोलनलाई सुदृढ गर्छन् ।

*छ) सातौं सिद्धान्तः समुदायप्रति चासो :*

सहकारी संस्थाहरूले आफूहरूद्वारा निर्धारित नीतिको आधारमा आफ्ना समुदायहरूको दिगो विकासका लागि कार्य गर्छन् ।